# HEALTH

Year 1, Vol. 1, 2065/ 2009 January




# स्वास्थ्य स्मारिका २०६५

प्रधानमन्त्री

काठमाडौं, नेपाल

पुस २०, २०६५

## शुभकामना

*निजी क्षेत्रबाट संचालित स्वास्थ्य संस्थाहरूको छाता संगठन **नेपाल स्वास्थ्य व्यवसायी महासंघले** आफ्नो **तेस्रो वार्षिक साधारण सभाका** अवसरमा महासंघको विभिन्न गतिविधि र जानकारीहरू समेटेर स्मारिका प्रकाशन गर्न लागेको थाहा पाउंदा मलाई खुशी लागेको छ।*

*स्वास्थ्य सेवा जस्तो संवेदनशील एवं अत्यावश्यक सेवाको क्षेत्रमा क्रियाशील रही नेपाल स्वास्थ्य व्यवसायी महासंघले निजी क्षेत्रका स्वास्थ्य संगठनहरूको हकहित संरक्षण एवं समग्र स्वास्थ्य सेवाका लागि खेलेको भूमिका प्रशंसनीय छ। आगामी दिनमा यस महासंघले सर्वसाधारण जनताको आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ, मर्यादित, व्यवस्थित एवं गुणस्तरीय बनाउन आफ्नो भूमिकालाई अझ सुदृढ गर्न सक्षम हुने अपेक्षा गर्दै महासंघको **तेस्रो वार्षिक साधारण सभा** एवं प्रकाशोन्मुख स्मारिकाको पूर्ण सफलताको कामना गर्दछु।*

२१ पुस ०६५

*(पुष्प-कमल दाहाल 'प्रचण्ड')*

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन : ४-२६२५३४
फ्याक्स : ४-२६२५६५

मानवीय गिरिराजमणि पोखरेल
मन्त्री
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं, नेपाल

पत्र संख्या :-
चलानी नं :-

मितिः- २०६५।९।२४

विषयः- **शुभ- कामना**

नेपाल स्वास्थ्य व्यवसायी महासंघले आफ्नो तेश्रो वार्षिक साधारण सभाका अवसरमा आफ्ना जानकारी मुलक गतिविधिहरु समेटेर 'स्मारिका' प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ ।

निजी क्षेत्रमा सेवा प्रदान गरिरहेका स्वास्थ्य संस्थाहरुको हकहित एवं प्रवर्धनका क्षेत्रमा अघि बढ्दै गरेको नेपाल स्वास्थ्य व्यवसायी महासंघले स्वास्थ्य सेवाका क्षेत्रमा गुणस्तरीयता प्रदान गर्न अफ महत्वपूर्ण भूमीका खेल्ने विश्वास मैले लिएको छु ।

आगामि दिनहरुमा त्यस महासंघले सर्व साधारण जनताको आधारभूत स्वास्थ्य सेवालाई सर्व-सुलभ, मर्यादित, व्यवस्थित एवं गुणस्तरिय बनाउन आफ्नो भूमीकालाई सशक्त बनाउने विश्वास राख्दै तेश्रो साधारण सभा एवं 'स्मारिका' को सफलताको कामना गर्दछु ।

गिरिराज मणि पोखरेल

नेपाल सरकार

मा. लेखराज भट्ट
मन्त्री
श्रम तथा यातायात व्यवस्था

फोन नं. : ४२११७९४
फ्याक्स : ४२११८७७
Website : www.moltm.gov.np

निजी सचिवालय
सिंहदरवार

चलानी नं.:-
पत्र संख्या:-

मिति: २०६५-९-२२

विषय:- **शुभकामना**

नेपाल स्वास्थ्य व्यवसायी महासंघको तेस्रो वार्षिक साधारण सभा २०६५ पौष २८ गतेको अवसर पारेर महासंघको विविध गतिविधि र जानकारीहरु समेटेर स्मारिका प्रकाशन गर्न लागेको थाहा पाउँदा खुशी लागेको छ।

नेपालभरी छरिएर सेवा प्रदान गरिरहेका निजी क्षेत्रका स्वास्थ्य व्यवसायीहरुको हक हितको संरक्षणमा यस महासंघले सदैव क्रियाशिल भई कार्य गरिरहने छ भन्ने विश्वास लिएको छु। वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको स्वास्थ्य परिक्षणमा संलग्न रहेका व्यवसायीहरुले सेवाको गुणस्तरीयता समयानुसार कायम गर्न निश्चित मापदण्ड अनुरुपको स्वास्थ्य परिक्षण विधि अपनाउनु आवश्यक छ। वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको स्वास्थ्य परिक्षण गर्ने संस्था र वैदेशिक रोजगार व्यवसायीहरुले आफ्नो पेशागत मर्यादालाई ध्यानमा राखि काम गर्न सकेमा कामदारहरु स्वास्थ्यको कारणले फिर्ता हुने स्थितिमा निश्चित रुपमा कमि आउने छ।

अन्तमा स्वास्थ्य सेवालाई पारदर्शी, मर्यादित एवं व्यवस्थित बनाउन नेपाल स्वास्थ्य व्यवसायी महासंघ सफल हुने छ भन्ने विश्वास व्यक्त गर्दै, महासंघको तेस्रो साधारण सभाको सफलताको कामना गर्दै स्मारिका प्रकाशनको पूर्ण सफलताको कामना गर्दछु।

लेखराज भट्ट
मन्त्री

# नेपाल स्वास्थ्य व्यवसायी महासंघ

## (केन्द्रीय कार्यसमिति)



खड्ग बहादुर श्रेष्ठ
(अध्यक्ष)



नुर भण्डारी
(प्रथम उपाध्यक्ष)



इन्द्रलाल गुरुङ
(द्वितीय उपाध्यक्ष)



मदन खनाल
(महासचिव)



भोला सत्याल
(सचिव)



जीवन कुमार के.सी.
(कोषाध्यक्ष)



प्रवेश रोक्का क्षेत्री
(सदस्य)



अनुज बि.सी.
(सदस्य)



खुसीलाल चौधरी
(सदस्य)



मृत्युंजय महासेठ
(सदस्य)



मुकुन्द भट्टराई
(सदस्य)



मदन पूर्वे
(सदस्य)



चन्दा राई
(सदस्य)



गायत्री जि.सि.
(सदस्य)



धिरेन्द्र सुब्बा
(सदस्य)



डा.दिनेश कु. रावल
(सदस्य)



हिक्मत सिंह
(आमन्त्रित सदस्य)



सुलोचना श्रेष्ठ
(आमन्त्रित सदस्य)



अमर बहादुर थापा
(आमन्त्रित सदस्य)



राजेश्वर डी. श्रेष्ठ
(प्रेस सल्लाहकार)



ब्रजेश नेपाल
(योजना संयोजक)

सल्लाहकारहरू : डा. प्रदीप जोशी. डा. कृष्ण पुरी, ढुण्डीराज शर्मा, लक्ष्मीशरण घिमिरे

# नेपाल स्वास्थ्य व्यवसायी महासंघ
## (विशेषज्ञ समिति)



खड्गबहादुर श्रेष्ठ
(अध्यक्ष)



सीताराम पण्डीत
(सदस्य)



डा. रामप्रसाद उप्रेती
(सदस्य)



डा. चक्रधर मिश्र
(सदस्य)



डा. ज्ञानेन्द्र शाह
(सदस्य)



डा. तीर्थराज बुर्लाकोटी
(सदस्य)

सदस्यहरू : डा. सुनिल प्रधान, विरेन्द्रमान तीवारी, भक्तिमान सुब्बा


प्रवन्ध सम्पादक
संजीव सिंह

स्मारिका प्रकाशन समितिः
राजेश्वर डी. श्रेष्ठ (संयोजक)
नुर भण्डारी (सदस्य)
प्रवेश रोक्का क्षेत्री (सदस्य)

कम्प्यूटर ले-आउटः
खड्गप्रसाद खनाल

मुद्रणः
एन.पी.टी.सी. लिमिटेड
चावहिल, काठमाडौं ।


नेपाल स्वास्थ्य व्यवसायी महासंघ
केन्द्रीय कार्यालय, सिनामंगल

रीता पाण्डे (कार्यालय सचिव)
रविन्द्र के.सी. (लेखा)
सन्तोषी अधिकारी (कार्यालय सहायक)
सीता आचार्य (कार्यालय सहायक)
प्रमिला कार्की (कार्यालय सहायक)
दीनेश महर्जन (कार्यालय सहायक)

कमला पाण्डे (कार्यालय सहायक)
नविनकुमार कार्की (कार्यालय सहायक)
मीना वि.क.(कार्यालय सहायक)

| सि.नं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | कामदारहरूको स्वास्थ्य परीक्षण.. | – लक्ष्मीशरण घिमिरे | ३ |
| २. | प्रोफाईल | – एनएचपीएफ | ५ |
| ३. | वैदेशिक रोजगारमा स्वास्थ्य परीक्षण | – स्थानेश्वर देवकोटा | ७ |
| ४. | संघ संस्थाहरूको नामावली | – रिपोर्ट | ९ |
| ५. | स्वास्थ्य सन्दर्भ र वैदेशिक रोजगार | – राजेश्वर डी. श्रेष्ठ | १३ |
| ६. | सूचिकृत नभएका संस्थाहरू | – रिपोर्ट | १५ |
| ७. | स्वास्थ्यको सर्जरी | – प्रवेश रोक्का क्षेत्री | १७ |
| ८ | नागरीक वडापत्र नमूना | – | १८ |
| ९. | चुनौतीसँग जुध्दै स्वास्थ्य व्यवसायी | – सुलोचना श्रेष्ठ | १९ |
| १०. | परीक्षण मापदण्डको ढाँचा | – | २१ |
| ११. | रोजगारीमा जानेहरूको एक्स-रे परीक्षण | – डा.सुधारप्रसाद अधिकारी | २२ |
| १२. | कामदार पठाउन खुला गरिएका मुलुकहरू | – रिपोर्ट | २४ |
| १३. | परीक्षणका खुड्कीलाहरू | – सन्तोषी अधिकारी | २५ |
| १४. | अन्तर्राष्ट्रिय स्वास्थ्य दिवसहरू | – क्यालेन्डर | २६ |
| १५. | समाजले अपाङ्गहरूलाई कसरी हेर्ने ? | – नीरन नेपाल | २७ |
| १६. | अन्तर्वार्ता | – मोहनकृष्ण सापकोटा | २८ |
| १७. | क्षतिपुर्तीको नमूना | – | २९ |
| १८. | स्वास्थ्यको लागि अस्वस्थ प्रतिस्पर्धा | – मदन खनाल | ३० |
| १९. | सदस्यको लागि आवश्यक कागजातहरू | – | ३१ |
| २०. | परीक्षणमा एकाधिकारको प्रश्न ? | – भोला सत्याल | ३२ |
| २१. | वाधा र अवरोध बीचको यात्रा | – मृत्युंजय महासेठ | ३३ |
| २२. | स्वास्थ्य व्यवसायी र महासंघ | – प्रविण तिवारी | ३५ |
| २३. | होलोग्रामको अनिवार्यता र महत्व | – रीता पाण्डे | ३७ |
| २४. | सूचिकृत स्वास्थ्य संस्थाहरू | – | ३८ |
| २५. | कविता | – संजीव सिंह | ५१ |
| २६. | अन्त्यमा | – खड्गबहादुर श्रेष्ठ | ५२ |

# कामदारहरूको स्वास्थ्य परीक्षण र समस्या

◆ लक्ष्मीशरण घिमिरे

विगत केही वर्षयतादेखि नेपालले नेपाली श्रमशक्तिलाई विश्वका विभिन्न मुलुकहरूमा रोजगारीका लागि जान पाउने स्वीकृति दिई वैदेशिक रोजगारको क्षेत्रकाबाट रेमिटेन्सको रूपमा उल्लेख्य आर्जन गर्दै आएको छ। यतिखेर देशको आम्दानीको महत्वपूर्ण स्रोतको रूपमा वैदेशिक रोजगारीको क्षेत्र रहन गएको छ। हुन त आफ्नै देशमा श्रम पसिना खर्च गरी आफ्नै राष्ट्रको उन्नतिमा देशको श्रमशक्तिलाई परिचालन गर्नु राष्ट्रका लागि अतिआवश्यक र महत्वपूर्ण विषय हो, तर पनि राष्ट्रले त्यस किसिमको श्रमशक्तिलाई राष्ट्रोन्नति र विकासमा परिचालन गर्न नसकेपछि विदेशमै भए पनि कामका लागि पठाउन पर्ने बाध्यता नेपालजस्तो राष्ट्रका लागि नसुहाउने र नमिल्ने कुरा नभई राष्ट्रिय आवश्यकताको रूपमै स्थापित हुन पुग्दो रहेछ। यतिखेरको तथ्याङ्क हेर्ने हो भने नेपाल सरकारले वैदेशिक रोजगारीका लागि स्वीकृति दिएका १०७ देशहरूमा लगभग २० लाखको संख्यामा नेपाली कामदारहरूले रोजगारीका अवसरहरू प्राप्त गरेको देखिन आउँछ। नियन्त्रणको अपर्याप्तताको कारण नेपाली कामदारहरूले विदेशमा गर्दै धेरै किसिमका दुःख कष्ट सहन परेको र ठूलो आर्थिक क्षतिसमेत व्यहोर्न परेको विषय कुनै पक्षबाट पनि लुकेको छैन।

■ सामान्यतया विदेशमा बसी काम गर्दा पाउने दुःखकष्टहरू जति पीडादायक छन् त्यो भन्दा पनि बढी पीडादायी क्रियाकलापहरू आफ्नै देशभित्रका दाजुभाईले दिने गरेको पाइन्छन्। भन्नेजस्तो काम नपाउनु भने अनुसारको तलब नपाउनु श्रमशोषण गर्नु, शारीरिक एवं मानसिक यातना दिनु, अनायास कामबाट निकालि दिने आदि अनगिन्ती समस्याहरू त विदेशमा काम गदिने व्यव्स्था भोगिरहनु परेके त हुन्छ नै। त्यसमा पनि वैदेशिक रोजगारीका लागि जान चाहने रोजगार कम्पनीहरूका नाममा छोडिएका दलालहरूबाट पाउने दुःख कष्टहरू भने कतिपय अवस्थामा हृदयविदाकर नै रहेको पाइन्छन। वैदेशिक रोजगारीमा जाने सम्बन्धमा सरकारले संस्थागत र व्यक्तिगत गरी २ किसिमका स्वीकृतिहरू दिने गरेको पाइन्छ। यसरी दिने स्वीकृतिमा त हो, सरकारले यथासक्य

**वैदेशिक रोजगार व्यवसायसँग सम्बन्धित कम्पनीहरूको क्रियाक्लाप नियमन, निर्देशन एवं नियन्त्रण र कारवाहीसमेत गर्ने निकायको रुपमा वैदेशिक रोजगार प्रवर्द्धन विभाग कार्यरत रहँदै आएको छ।**

यसरी वैदेशिक रोजगारीको क्षेत्रले राष्ट्रमा राम्रो एवं उच्चसम्मान र प्रख्याति पाउन नसके पनि अर्थतन्त्रलाई टेवादिने कार्यमा यो क्षेत्रलाई पन्छाई अगाडि बढ्ने स्थिति देखिँदैन।

■ देशमा लगभग ४ सय वटा वैदेशिक रोजगारीसँग सम्बन्धित म्यानपावर कम्पनीहरूले नेपाली युवायुवतीहरूलाई वैदेशिक रोजगारीमा पठाउने गर्दछन्। त्यस्ता वैदेशिक रोजगार व्यवसायसँग सम्बन्धित कम्पनीहरूको क्रियाकलाप नियमन, निर्देशन एवं नियन्त्रण र कारवाहीसमेत गर्ने निकायको रूपमा वैदेशिक रोजगार प्रवर्द्धन विभाग कार्यरत रहँदै आएको छ र विदेशमा जाने कामदारहरूले कुनै पनि किसिमको ठगाई. जन्य दुःखकष्ठ भोग्न नपरोस भन्ने प्रयास विभागको छ त्यो यी उचित व्यवस्थापन र समसामयिक नियन्त्रण निर्देशन गर्न सक्ला, तर पनि सरकारनै अधिकारभित्र नभएको अवस्थामा सरकारले कसरी यस्ता वैदेशिक रोजगारी भित्रका समस्याहरू न्युनीकरण गर्ने ? यो सबभन्दा जटिल समस्याको विषय छ।

■ नेपाली कामदारहरू विदेश पठाउने काम नेपालको विमानस्थलमा मात्र सीमित छैन। भारतीय अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गरी पठाउन नसकिने अवस्था देखिएमा रोजगार कम्पनी वा दलालहरूले अवैधानिक किसिमले छिमेकी राष्ट्र भारतको विमानस्थल प्रयोग गरी नेपाली कामदारहरू विदेश पुऱ्याउने गरेको संख्या पनि कम छैन। देशको अध्यागमनमा अभिलेख नभइकन विदेश पुगेका नेपाली कामदारहरूको संख्या कति छ कति ? देशभित्र त्यसको कुनै लेखाजोखा वा अभिलेख छैन। संकट ग्रस्त अब स्थानमा मात्र त्यस्ता

व्यक्तिहरू राज्यको दायित्व भित्र पर्ने गरेका पाइन्छन्। देशको अवस्था र समस्याको कारणले पनि नेपाली कामदारहरू घरखेत बेची विदेशिन विवश छन्। यस्तो विवसतामा अल्झिएको व्यक्तिको वाध्यतालाई रगत निचोर्ने दलालहरूको पनि नेपालमा कमी छैन। वैदेशिक रोजगारीमा जान लाग्ने खर्चको अन्धाधुन्ध बृद्धिगरी रकम असुल्ने रकम असुली गरी ठगी गर्ने, फरार हुने, दिनु पर्ने रकम फिर्ता नदिने, धेरै समय भुलाउने, जस्तो सुकै असुरक्षित देश ठाउँमा पनि अवैधानिक किसिमले कामदार पठाउने, पाउने सुविधाहरूको विषयमा यथार्थ जानकारी नदिने, गलत कागाजत बनाइ विदेश पठाउने यति मात्र होइन कि डराउने धमक्याउने र अपहरण गरी जबरजस्ती रकम असुल्ने र उल्टो रकम बुझेको तमसुक समेत बनाई दुःख दिने जस्ता कार्यहरू वैदेशिक रोगजारीका क्षेत्रमा मौलाउँदै आएका छन् र यस्ता निर्लज्जकार्यहरू नेपालभित्रै आफ्नै नेपाली दाजुभाइबाट हुने गरेका छन् भने विदेशमा कामगर्दा विदेशीले दुःख दियो भनेर कहाँ गुनासो पोख्ने ?

■ यी यावत समस्याहरू यसरी भ्याङिगदै जानुमा समयमै यस क्षेत्रको सही व्यवस्थापन गर्न नसक्नु एउटा पक्ष हो भने वैदेशिक रोजगारीको प्रलोभनमा फसी यत्रतत्र भौतारिने व्यक्तिहरू स्वयम् पनि कमजोरी छैनन्। यहाँ एउटा प्रत्येक विदेशमा रोजगारीका लागि जान चाहने व्यक्तिले कर्तव्य ठान्नु के पर्दछ भन्ने विदेशमा गएर अलपत्र पर्दा सरकारसँग गुहार माग्ने र सरकारलाई दोष दिने तर आफू जान लागेको देश/ठाउँ र रोजगारी उपयुक्त एवं वैधानिक छ, छैन भन्नेतर्फ सम्बन्धित सरकारी निंकायसँग कुनै चासो नराख्ने। नागरिकप्रति अवश्य पनि राज्यको दायित्व रहन्छ, के राज्यप्रति या आफ्नै कल्याण अकल्याणप्रति स्वयम् नागरिकको दायित्व रहदैन र ? यो विचारणीय पक्ष छ।

■ हो, प्रस्तुत सबै समस्याहरू भित्रै पनि हालसम्म नेपाली कामदार वैदेशिक रोजगारीमा जानेतर्फको पाटो निराशाजनक छैन। तर पनि यो क्षेत्रलाई सरकारको मात्र जोखाना नहेरी सम्बन्धित निजीक्षेत्र स्वयम् पनि सरकारको सहयोगी निकायको रूपम उत्री यस क्षेत्र भित्रका सञ्चालन सम्पादन विधिहरूलाई व्यवस्थित एवं मर्यादित बनाउनेतर्फ अग्रसरता बढाउदै जानु नै विद्यमान समस्याहरूको निराकरण तर्फको पहलकदमी हुनसक्छ।

■ सबै कार्य सरकार स्वयम्ले गर्न पनि सक्तैन र वर्तमान खुला एवं प्रतिस्पर्धी बजारोन्मुख व्यवस्थामा सबै राज्यका क्रियाकलापहरूमा सरकार स्वामित्वकर्ता, बाधक र हस्तक्षेपकर्ता हुन पनि हुँदैन। सरकरले यस्ता क्षेत्रहरूलाई प्रोत्साहित र प्रवर्धित गर्न व्यवसायीहरूको सरसहयोग लिनु पर्छ र त्यस्तो विश्वसनीय संस्था जन्माई सहकार्यमा सहभागी बनाउनुपर्छ। वैदेशिक रोजगारीका लागि जाने नेपाली कामदारहरूले स्वास्थ्य परीक्षण गराउनुपर्ने विषय अनिवार्य प्रायः छ। स्वास्थ्य परीक्षणको नाममा मनोमानी ढंगले शुल्क लिने एउटा समस्या त छदैछ, त्यसमा पनि शुल्क बढी लिने र काम गलत गर्ने डरलाग्दो अर्को समस्या छ। नेपालमा निरोगी तन्दुरुस्त स्वास्थ्य रहेको भनी प्रमाणपत्र धारण गर्ने कामदार विदेश जाँदा रोगी भेटिई फर्कन परेका कैयौ उदाहरणहरू छन्। विशेष प्राकृतिक, रोगहरू बाहेक अन्य अवस्थाम एउटा निश्चित समय परिधिभित्र अर्को चिकित्सकले स्वास्थ्य परीक्षण गर्दा रोजगारीकै निम्ति अनुपयुक्त देखिने गरी अस्वस्थ देखिनुले स्वास्थ्य परीक्षण गर्ने चिकित्सक वा संस्थाको कार्यदायित्वमा प्रश्न चिह्न खडा गर्ने हुन्छ।

■ हाम्रो परिपेक्ष्यमा यस्ता घटनाहरू घट्ने र पीडित व्यक्तिले पीडा भोग्नुको साथै क्षतिपूर्ति पाउने व्यवस्था कानूनतः रहे पनि व्यवहारमा सहज र सरल हुन सकेको छैन। स्वास्थ्य परीक्षणको क्षेत्रमा निजी क्षेत्र तीव्रतर गतिले अघि बढ्दै आएको छ तर पनि यस्तो समस्या परेको व्यक्तिले एउटा निश्चित संस्थामा गई आफ्नो समस्या तत्काल निप्टयाउन सक्ने किसिमको उत्तरदायित्वपूर्ण जिम्मेवार निकायको खाँचो महशुश गर्दै आएको छ। यस परिवेशमा स्वास्थ्य व्यवसायी क्षेत्रका व्यवसायीहरूलाई समेटी वैदेशिक रोजगारीका लागि स्वास्थ्य परीक्षण गर्ने कार्यलाई व्यवस्थित गर्न नेपाल स्वास्थ्य व्यवसायी महासंघको कार्यक्षेत्र आशाप्रद देखिएको छ। स्वास्थ्य व्यवसायीहरूको महासंघले स्वास्थ्य परीक्षणको दायित्व लिई महासंघसँग आबद्ध स्वास्थ्य व्यवसायीहरूबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको स्वास्थ्य परीक्षण गराउने सेवाको भावना लिई न्यूनतम शुल्कमा जिम्मेवारीपूर्ण किमिसले स्वास्थ्य परीक्षण गराउने व्यवस्था मिलाउने र कथमकदाचित विदेश पुगिसकेको व्यक्ति स्वास्थ्य परीक्षणको कारणबारे फर्कन परेमा कुनै झन्झट वा हैरानी विना क्षतिपूर्ति दिने व्यवस्थाको सुनिश्चितता गर्ने जस्ता कार्यहरू इमानदारिताका साथ सम्पन्न गर्न सकेमा स्वास्थ्य परीक्षणसँग सम्बन्धित अहिलेको समस्याले निकाश पाउनसक्ने अपेक्षा गर्न सकिन्छ।

☯




## Introduction

Nepal Health Professional Federation is a non - governmental, non-profitable and social organization registered under Nepal Government and Social Welfare Council in the year 2005. Our main objective is to contribute to the health sector of Nepal by providing valuable suggestions to the government, ensuring quality of service for consumers and encouraging coordination among the health institutions.

## Our Vision

To help enhance the quality of health care services provided by health institutions in Nepal and make health care services easily accessible for general Nepalese people.

## Objectives

### Primary Objectives

- To take initiatives to improve the quality and standard of health care services available at medical centers across Nepal.
- To encourage coordination and unity among medical centers, NGO's & other health care providers for improving their quality of service.
- To provide health education and training as a supportive measure to technical staffs of member organizations.
- To organize health awareness campaigns directed towards foreign employment seekers and general Nepalese people in selected parts of the nation.

- To take initiatives for solving existing difficulties facing legally operating medical centers and to take proactive measures against any difficulty that may arise in future.
- To safeguard the rights of health care providers and medical professionals.
- To encourage mutual cooperation, exchange of ideas and knowledge among registered medical centers.
- To give appreciation letter, medals, prizes and other thanks giving letters to individuals making significant contributions with valuable advises to this organization.
- To organize various programs and activities for collecting innovative ideas for the betterment of all the medical centers.

## Secondary Objectives

- To make sure that every member of this Federation provides quality and reliable service to the clients.
- Establish public - private - NGO partnership in the delivery of the health care services.
- To increase the number of qualified medical professionals, paramedics and other technical staffs in the health sector.
- To provide time to time refreshment trainings to health personnel for ensuring better service and correct reports.
- To increase the maximum participation and involvement of member organizations.

## Conclusion

The main objective of Nepal Health Professional Federation is to maintain a uniform standard in the services provided by medical centers through mutual cooperation among the medical centers and to safeguard the rights of health professionals.

## Central Committee

| | |
|---|---|
| President | : Mr. Khadga Bdr. Shrestha |
| First Vice President | : Mr. Nur Bhandari |
| Second Vice President | : Mr. Indra Lal Gurung |
| General Secretary | : Mr. Madan Khanal |
| Secretary | : Mr. Bhola Satyal |
| Treasurer | : Mr. Jivan Kumar K. C. |
| Members | : Mr. Prabesh Roka Chhetri |
| | : Mr. Anuj B.C. |
| | : Mr. Khushi Lal Chaudhary |
| | : Mr. Mrityunjaya Mahaseth |
| | : Mr. Mukunda Bhattarai |
| | : Mr. Madan Purbe |
| | : Miss. Chanda Rai |
| | : Mrs. Gayatri G.C. |
| | : Mr. Dhirendra Subba |
| | : Mr. Ramesh Dhakal |
| | : Dr. Dinesh Kumar Rawal |
| | : Mr. Amar Bahadur Thapa |
| | : Mr. Hikmat Singh |
| | : Mrs. Sulochana Shrestha |
| Advisory Committee | : Dr. Pradeep Joshi |
| | : Dr. Krishna Puri |
| | : Mr. Dhundi Raj Sharma |
| Legal Advisor | : Mr. Khagendra Raut |
| Program Coordinator | : Mr. Rajeshwor D. Shrestha |
| Planning Coordinator | : Mr. Brajesh Nepal |

## Specialist Committee

| | |
|---|---|
| Coordinator | : Mr. Khadga Bahadur Shrestha |
| Members | : Dr. Tirtha Raj Burlakoti |
| | : Dr. Ram Prasad Upreti |
| | : Dr. Chakradhar Mishra |
| | : Dr. Gyanendra Shah |
| | : Dr. Sunil Pardhan |
| | : Mr. Bhaktiman Subba |
| | : Mr: Birendra tiwari |
| | : Mr. Sitaram Pandit |

# वैदेशिक रोजगारमा स्वास्थ्य परीक्षणको महत्व



◆ स्थानेश्वर देवकोटा
कार्यकारी निर्देशक
वैदेशिक रोजगार प्रवर्द्धन वोर्ड

नेपालको लागि वैदेशिक रोजगार अवसर र चुनौति दुबै रूपमा रहेको छ। बैदेशिक रोजगारमा जानेहरूबाट प्राप्त विप्रेषणले देशको अर्थतन्त्रमा अहं भूमिका निर्वाह गरेको छ। गरिवीको रेखालाई ४२ प्रतिशतबाट ३१ प्रतिशतमा झार्न मद्दत गरेको छ यस व्यवसायबाट गत आर्थिक वर्षमा वैध माध्यमबाट मात्र १४२ अरव भन्दा बढी रकम औपचारिक (वैध) माध्यमबाट मात्र १२ लाख भन्दा बढी युवाशक्ति वैदेशिक रोजगारमा गएका छन् भने अवैध मार्गबाट जानेको संख्या यसभनदा बढी छ। मोटामोटी रूपमा २५ लाख नेपाली युवाशक्ति अरू मुलुकका लागि रगत र पसिना बगाई रहेका छन्।

स्वदेशमा आय आर्जनका अवसरहरू प्राप्त भएको भए निश्चय नै यो युवाशक्ति स्वदेशमा रहने थियो। आफ्नै मुलुकका लागि रगत र पसिना बगाएर गौरव गर्ने थिए। श्रमशक्ति त वाहिरिएकै छ, नेपाली सम्पत्ती पनि वाहिरिएको छ, भिसा शुल्कको रूपमा कमिशनको रूपमा वा अन्य दस्तुरको रूपमा। अवैध रूपमा भारत हुँदै जानेहरूले भारतका विभिन्न शहर दिल्ली, कलकत्ता र मुम्बईमा होटल रेष्टुरेण्टमा तिर्ने रकम पनि असीमित छ। महिनौं कुर्नु परेको हुन्छ। यसरी कुर्नु पर्दा आर्थिक नोक्सानी त छँदैछ, अमानवीय व्यवहारको कारण भोग्नु पर्ने शारीरिक र मानसिक पीडाका कथा व्यथा वर्णन गरेर साध्य छैन।

मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा वसाई सर्ने वा कामको खोजीमा घुमफीर गर्ने कार्य बीसौं शताब्दीको देन नभइ मानव सभ्यताको शुरुआतदेखि नै हुँदै आएको छ। संसारको इतिहासलाई हेर्ने हो भने शताब्दियौंदेखि मानिसहरू आफ्नो मातृभूमिबाट अर्को मुलुकमा कामको खोजीमा जाने गरेको पाईन्छ भने नेपालीहरू कामको खोजीमा १८ औं शताब्दिदेखि नै भारत, बर्मा, मलेशिया जाने गरेको पाइन्छ। वि.सं. २०४०।४१ सालतिर वैदेशिक रोजगारमा जाने संख्या विस्तारै बढ्दै गएकोमा २०५२ सालमा शुरु भएको जनयुद्धले तिव्रता प्रदान गरेको देखिन्छ। बढ्दो श्रमशक्ति र घट्दो रोजगारका अवसरले नेपालीलाई 'मरे मरिएला, बाँचे केहि गरौंला विदेश त जानै पर्दछ' भन्ने सोच विकास गराई दिएको देखिन्छ।

वैदेशिक रोजगारबाट प्राप्त उपलब्धि र स्वदेशमा रोजगारको अवसरमा वृद्धि हुन नसकेको कारण यस व्यवसायलाई प्रबर्द्धन गर्दै सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्नको लागि वैदेशिक रोजगार ऐन २०६४ आएको छ। २०४२ सालको ऐनलाई परिमार्जन गरी ल्याईएको यो ऐन र यस ऐन अन्तर्गत नियमावली, २०६४ ले कामदार र व्यवसायीको हितमा धेरै काम गरेको छ भन्नु अत्युक्ति नहोला। कुनै पनि कानुन सदा सर्वदा व्यवहारपरक पक्कै हुँदैनन्। सधैं सान्दर्भिक नहुन सक्छन्, कार्यान्वयनको सिलसिलामा परिवर्तनीय प्रशंग हुन सक्तछन्। त्यसमा आवश्यकता र औचित्य हेरी परिमार्जन र व्यवहारपरक बनाउँदै लानु पर्ने कुरामा दुईमत नहोला। यस ऐनका धेरै विशेषता छन्, जुन विभिन्न प्रशंगमा छलफल हुने गरेको हो। तथापी यस ऐनका केही यस्ता विशेषता छन्, जसलाई वैदेशिक रोजगारमा जाने सोच आउनासाथ सबैले ध्यान दिनु पर्दछ। ती हुन् –

१. खास अवस्थामा वाहेक इजाजत पत्रवालाको माध्यमबाट मात्र वैदेशिक रोजगारमा जानु पर्दछ, अन्यथा ठगीको शिकार त हुन्छ नै मानसिक शारीरिक पीडा जीउज्यान जाने प्रबल सम्भावना हुँन्छ।

२. वैदेशिक रोजगार विभागबाट अनुमति लिएर मात्र वैदेशिक रोजगारमा जानु पर्दछ, अन्यथा वैदेशिक रोजगार कल्याणकारी कोषबाट आफु र आफ्ना परिवारले पाउने सुविधा र क्षतिपूर्तिबाट बञ्चीत हुनु पर्दछ।

३. वैदेशिक रोजगारमा जाने कामदारले स्वदेशको अन्तर्राष्ट्रिय विमानस्थलबाट मात्र प्रस्थान

गर्नु पर्दछ, अन्यथा स्वदेश र विदेशको कानुनले संरक्षण गर्न सक्तैन ।

४. वैदेशिक रोजगारमा जाने कामदारले आफ्नो जीवन वीमा गर्न भुल्नु हुँदैन, अन्यथा दुर्घटना वीमाबाट वंचित हुनुपर्दछ । घर खेत बेचेर विदेश गयो, दुर्घटनाबाट मृत्यु भयो वा अपांग भयो भने घरपरिवारको झन् विचल्ली हुन्छ ।

५. वैदेशिक रोजगारमा जाँदा आफु कुन काममा जाँदैछु, कति पारीश्रमिक पाउँछु, अरू सुविधा के के छन् भन्ने कुरा स्पष्ट खुलाई सम्झौता गर्नु पर्दछ । त्यसको १ प्रति लिएर आफुले राखी त्यसको पनि नक्कल वा फोटोकपी घरपरिवारलाई दिनुपर्दछ, अन्यथा कामदारको क्षमताभन्दा फरक वा चाहना विपरितको काम कम पारीश्रमिकमा गर्नुपर्ने हुन्छ । सम्झौता नगरी जाँदा "चोक्टा खान जाँदा झोलमा डुवेर मर्नु पर्ने" स्थिति आउनेछ ।

६. वैदेशिक रोजवगारमा जाने कामदारले स्वीकृति प्राप्त स्वास्थ्य व्यवसायीबाट स्वास्थ्य परीक्षण गराई जानु पर्दछ, स्वास्थ्य सम्बन्धी आफुलाई कुनै समस्या भए लुकाउनु वा छिपाउनु हुँदैन । आफुले सम्झौता गरेको वा गर्न लागेको सम्झौता अनुसार काम गर्न सक्ने क्षमता छ छैन, एकिन गरेर मात्र जानु पर्दछ, अन्यथा कामको लागि गएको मुलुकमा गरिने स्वास्थ्य परीक्षणबाट अयोग्य ठहरेमा फिर्ता हुनु पर्दछ । यसबाट हुने आर्थिक नोक्सानी, मानसिक पीडा आदि सहज अनुमान गर्न सकिन्छ ।

माथि उल्लेख गरिए अनुसार कामदारले बुझ्नु पर्ने कुराहरू मधये स्वास्थ्य परीक्षण एउटा महत्वपूर्ण पक्ष पर्दछ । सर्वप्रथम त "आफु बाँचे घ्यू खान पाइन्छ" भनेजस्तै विदेश जान आफ्नो स्वास्थ्यले दिन्छ दिँदैन आफैँले मुल्यांकन गर्नु आवश्यक छ । कामदारले आफु उपचार गराउन होईन काम गर्न जाँदैछु भन्ने कुरा विर्सनु हुँदैन । आफ्नो स्वास्थ्य ठीक छ भन्ने आत्मविश्वास पछि वैदेशिक रोजगार ऐन २०६४ को दफा ७२ बमोजिम विदेश जानु अघि नेपाल सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराउनु पर्दछ । यसरी स्वास्थ्य परीक्षण गराई वैदेशिक रोजगारमा गएको व्यक्तिलाई जानी जानी वा लापरवाहीपूर्वक वा वद्नीयतसाथ गलत स्वास्थ्य परीक्षण प्रतिवेदन दिएको कारण स्वदेश फिर्ता हुनु परेमा वैदेशिक रोजगारमा जाँदा र फिर्ता हुँदा लागेको खर्च त्यसरी गलत स्वास्थ्य परीक्षण गर्ने संस्थाले व्यहोर्नु पर्नेछ ।

स्वास्थ्य परीक्षणबारे कामदार आफैंले सचेत र सजग हुनुपर्दछ । नेपाल सरकारबाट स्वीकृतिप्राप्त भन्नाले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या



मन्त्रालयबाट इजाजत पाएको हुनु पर्दछ । अन्य प्रयोजनका लागि वा अन्य निकायबाट इजाजत वा स्वीकृति पाएर मात्र हुँदैन । जसरी इजाजतपत्रवाला वाहेक अरू व्यक्ति वा संस्थाले झुक्याएर विदेश पठाएमा कानुनले कुनै सुविधा र क्षतिपूर्ति दिन नसक्ने हुन्छ, त्यस्तै प्रकारले गलत प्रकारले अवैध संस्थाबाट स्वास्थ्य परीक्षण गराउँदा क्षतिपूर्ति पाउन सकिँदैन कानुनी मान्यता नपाई पुनः स्वास्थ्य परीक्षण गराउनु पर्दा दोहोरो खर्च वेहोर्नु पर्दछ भने दुःख र कष्ट पाउनु पर्दछ । त्यसैले स्वास्थ्य परीक्षण कुन समयमा गराउन आवश्यक छ, दोहोरो गराउनुपर्ने हो होइन एकिन गर्नु पर्दछ । स्वास्थ्य परीक्षण गराउन जाँदा स्वीकृती प्राप्त हो होइन भनी एकिन गर्नुपर्दछ ।

## नेपाल स्वास्थ्य ब्यवसायी महासंघसँग आवद्ध सघं/संस्थाहरू :

| क्र.स | सस्थाको नाम | ठेगाना | प्रतिनिधि |
|---|---|---|---|
| १ | सुधा पोलिक्लिनिक प्रा.लि. | कोटेश्वर | मदन खनाल |
| २ | ट्रिपल स्टार मेडिकल एण्ड रिसर्च सेन्टर प्रा.लि | बसुन्धरा | पारसमणि प्रधान |
| ३ | सेवा पोलिक्लिनिक प्रा.लि. | गोंगबु | रवि श्रेष्ठ |
| ४ | के. आर. मेडिकल सेन्टर प्रा.लि. | नयाँ बानेश्वर | कञ्चना शर्मा |
| ५ | एशियन मेडिकल डाइग्नोष्टिक सेन्टर प्रा.लि. | शामाखुशी | मकर राज गुरुङ |
| ६ | प्रेम मेमोरियल हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि. | नयाँबजार | विनोद गुरुङ |
| ७ | बि.बि .हेल्थ केयर सेन्टर | माछापोखरी | बिदुर बिसुराल |
| ८ | ईन्टरनेशनल हेल्थ केयर सेन्टर प्रा. लि. | शंखमुल | सन्दिप कुमार शाह |
| ९ | सुब्बा मेडिकल सेन्टर प्रा.लि. | बसुन्धरा | ईन्द्र सुब्बा |
| १० | प्याराडाईज पोलिक्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर प्रा.लि | बसुन्धरा | अमृत पंगेनि |
| ११ | अनमोल मेडिकल सेन्टर प्रा. लि. | महाबौद्ध | राजकुमार खड्का |
| १२ | एपोलो पोलिक्लिनिक प्रा. लि. | मैतिदेबि | प्रेम त्रिपाठी |
| १३ | मञ्जुश्री मेडिकल सेन्टर प्रा. लि. | गैह्रीधारा | ललित के.सी |
| १४ | काष्ठमण्डप हेल्थ केयर सेन्टर प्रा. लि. | बत्तिसपुतली | प्रवेश रोक्का क्षेत्री |
| १५ | परफेक्ट डाईग्नोष्टिक सेन्टर प्रा. लि. | बत्तिसपुतली | मदन पूर्वे |
| १६ | नमस्ते नेपाल मेडिकल सेन्टर एण्ड पोलिक्लिनिक प्रा. लि. | गोंगबु | भोला सत्याल |
| १७ | एस. ओ. एस. मेडिकल सेन्टर प्रा. लि | बसुन्धरा, धापासी | सोमलाल बाटाजु |
| १८ | पिस मेडिकल सेन्टर प्रा. लि. | बसुन्धरा | खड्ग बहादुर श्रेष्ठ |
| १९ | अम्बिका मेडिकल सेन्टर प्रा. लि. | गौशला | बिजय सिंह |
| २० | टाइटानिक हेल्थ केयर सेन्टर प्रा. लि. | बसुन्धरा | अनुज बि.सी |
| २१ | सगरमाथा पोलिक्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर प्रा. लि. | कालिमाटी | ईन्द्र गुरुङ |
| २२ | एशियन पोलिक्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा. लि. | बागबजार | राजेन्द्र खडका |
| २३ | शुभम पोलिक्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर.प्रा. लि. | नयाँबानेश्वर | प्रमोद न्यौपाने |
| २४ | शंकरापुर हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि. | जोरपाटि | राज कुमार के.सी. |
| २५ | आदर्श मेडिकेयर एण्ड रिसर्च सेन्टर प्रा. लि. | बसुन्धरा | कृष्णकुमार तामाङ |
| २६ | सिजन्स पोलिक्लिनिक प्रा. लि | नयाँबजार | धर्मराज शाह |
| २७ | ए. टु. जेट डाईग्नोष्टिक सेन्टर प्रा. लि. | रातोपुल | शम्भु कुमार पंजियार |
| २८ | त्रिवेणी मेडिकल सेन्टर प्रा. लि. | डिल्लीबजार | भरत प्रसाद पोखरेल |
| २९ | हिमालयन सञ्चो पोलिक्लिनक सेन्टर प्रा. लि. | बसुन्धरा | पार्वती पुलामी मगर |
| ३० | रिलायवल मेडिकल हेल्थ केयर सेन्टर प्रा. लि. | गोंगब, नँया बसपार्क | कबि गुरुङ्ग |
| ३१ | चाँद मेडिकल सेन्टर प्रा.लि | गोंगबु | अर्जुन यादव |
| ३२ | नँया बानेश्वर डाईग्नोष्टिक सेन्टर प्रा लि | नयाँ बानेश्वर | डा.ज्योति अग्रवाल |
| ३३ | जन युनिटि लाईफ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. | सामाखुशी | बिष्णु बहादुर क्षेत्री |
| ३४ | क्यापिटल मेडिकल सेन्टर प्रा. लि. | लाजिम्पाट | जमाल अलि |
| ३५ | क्षमादेवी पोलिक्लिनिक प्रा.लि | पुरानो बानेश्वर | लिवाङ प्रधान |
| ३६ | सर्वोत्तम पोलिक्लिनिक प्रा.लि. | बसुन्धरा | मोहननाथ शर्मा |
| ३७ | सहारा हेल्थ केयर सेन्टर प्रा. लि. | नयाँ बानेश्वर | मिरा शर्मा |
| ३८ | सृजना मेडिकल सेन्टर प्रा. लि . | चाबहिल | राजेन्द्र श्रेष्ठ |

| क्र.सं. | सस्थाको नाम | ठेगाना | प्रतिनिधि |
|---|---|---|---|
| ३९ | बाग्मती स्वास्थ्य क्लिनीक प्रा.लि. | कलंकी चोक | बलराम शर्मा |
| ४० | साउदी नेपाल मेडिकल सेन्टर प्रा.लि. | कुपण्डोल,ललितपुर | महेन्द्र शेरचन |
| ४१ | वर्ल्डवाईड मेडिकल सेन्टर प्रा.लि | कुपण्डोल, ललितपुर | नकुल सिलवाल |
| ४२ | अल्फाविटा मेडिकल एण्ड डाइग्नेष्टिक सेन्टर प्रा.लि | विर्तामोड झापा | महेन्द्र बहादुर राई |
| ४३ | वर्षा डाइग्नोष्टिक एण्ड रिसर्च सेन्टर प्रा.लि | रातोपुल गौशाला | प्रदीपकुमार मण्डल |
| ४४ | नेपाल जनस्वास्थ्य केन्द्र प्रा.लि | वालाजु वाईपास | प्रवीन बज्राचार्य |
| ४५ | हिमालय क्लिनिक प्रा.लि. | विर्तामोड झापा | यमबहादुर राई |
| ४६ | विन्ध्यावासिनी पोलिक्लिनिक एण्ड हेल्थ केयर सेन्टर प्रा.लि | बसुन्धरा | रामबहादुर भण्डारी |
| ४७ | मिड भ्याली इन्टरनेशनल पोलिक्लिनिक एण्ड रिसर्च सेन्टर | गैरीगाँउ,सिनामंगल | अमरकुमार यादव |
| ४८ | सिनामंगल हेल्थ केयर एण्ड डाईग्नोष्टिक सेन्टर प्रा.लि | सिनामंगल | सुरेशकुमार राई |
| ४९ | कुस्मोस डाईग्नोष्टिक एण्ड रिसर्च सेन्टर प्रा.लि | रातोपुल | गायत्री जि.सी. |
| ५० | ओस्कार मेडिकल सेन्टर प्रा.लि | बसुन्धरा | डिल्लीराम घिमीरे |
| ५१ | भ्याली पोलिक्लिनिक ईन्टरनेशनल हेल्थ सेन्टर प्रा. लि. | सामाखुसी | दाताराम काफ्ले |
| ५२ | एकता मेडिकल सेन्टर प्रा.लि | अनामनगर | सुलोचना श्रेष्ठ |
| ५३ | पाथिभरा मेडिकल सेन्टर प्रा.लि | हनुमानस्थान | धिरेन्द्र सम्वाहाम्फे |
| ५४ | सुब्बा प्यथोलोजि एण्ड क्लिनिक प्रा.लि. | कुपण्डोल | शेरबहादुर सुब्बा |
| ५५ | सिरप मेडिकल सेन्टर प्रा.लि | गोंगबु | दिपक पौडेल |
| ५६ | एन.एस. मेडिकल सेन्टर प्रा.लि | कुपण्डोल | सविन श्रेष्ठ |
| ५७ | रिलीफ हेल्थ केयर प्रा.लि. | लाजिम्पाट | श्याम पराजुली |
| ५८ | सभ्य मेडिकल सेन्टर प्रा.लि | बत्तीसपुतली | थलबहादुर पुलामी |
| ५९ | प्राप्ती पोलिक्लिनिक एण्ड रिसर्च सेन्टर प्रा.लि | त्रिपुरेश्वर | रमेश अधिकारी |
| ६० | भानु मेमोरियल पोलिक्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा.लि | गोंगबु | रमेश अधिकारी |
| ६१ | अमिताभ बुद्ध मेडिकल सेन्टर प्रा.लि | नारायण गोपाल चोक | गंगा महर्जन |
| ६२ | यूनिभर्सल मेडिकल हेल्थ केयर सेन्टर प्रा.लि | गोंगबु | टेकबहादुर गुरुङ |
| ६३ | बुद्ध ईन्टरनेशनल मेडिकल सेन्टर प्रा.लि | बानेश्वर | नूर भण्डारी |
| ६४ | साईबाबा पोलिक्लिनिक एण्ड मेडिकल सेन्टर प्रा.लि | गोंगबु, नयाँ बसपार्क | दयाराम कार्की |
| ६५ | मधु हेल्थ सर्भिस एण्ड काउन्सेलिङ सेन्टर प्रा.लि | बसुन्धरा चोक | रामकुमार कार्की |
| ६६ | सनसाईन मेडिकल एण्ड रिसर्च सेन्टर प्रा.लि | त्रिपुरेश्वर | प्रविन तिवारी |
| ६७ | जानकी ईन्टरनेशनल मेडिकल सेन्टर प्रा. लि. | पूरानो बानेश्वर | मृत्युंजय महासेठ |
| ६८ | नमुना मेडिकल सेन्टर प्रा. लि. | बत्तीसपुतली | अनुप श्रेष्ठ |
| ६९ | शिखर पब्लिक पोलिक्लिनिक प्रा.लि. | अनामनगर | रणविरनारायण श्रेष्ठ |
| ७० | ज्ञानी बुद्ध पोलिक्लिनिक एण्ड रिसर्च सेन्टर प्रा. लि. | पुतलीसडक | प्रदिप जोशी |
| ७१ | यूनिभर्शल डाईग्नोष्टिक सेन्टर प्रा. लि. | पुतलीसडक | राजेन्द्र श्रेष्ठ |
| ७२ | रिलायन्स मेडिकेयर एण्ड रिसर्चसेन्टर प्रा. लि. | रातोपुल गौशला | तेज कुमार लामा |
| ७३ | एस.एस पोलिक्लिनिक प्रा.लि. | महाराजगंञ्ज चोक | ललिता ओझा |
| ७४ | जे.एम. मेडिकल सेन्टर प्रा. लि | त्रिपुरेश्वर | मदनकुमार श्रेष्ठ |
| ७५ | चेतना स्वास्थ्य केन्द्र प्रा.लि | शान्तिनगर ,मिनभवन | चन्दा राई |
| ७६ | मेरिट मल्टि केयर मेडिकल सेन्टर प्रा. लि | मिनभवन, शान्तिनगर | यमुना कटुवाल |
| ७७ | मिडिल इष्ट मेडिकल सेन्टर प्रा. लि | कुपण्डोल | अब्दुल सतार |

| क्र.सं. | संस्थाको नाम | ठेगाना | प्रतिनिधि |
|---|---|---|---|
| ७८ | हिमाल ईन्टरनेशनल मेडिकल सेन्टर प्रा. लि | त्रिपुरेश्वर | रमेश कुमार ढकाल |
| ७९ | अनामनगर पोलिक्लिनिक एण्ड कम्यूनिटी हस्पिटल प्रा.लि | अनामनगर चोक | भक्त वहादुर के.सी |
| ८० | क्यापिटल पोलिक्लिनिक एण्ड रिसर्च होम प्रा. लि | शंखमुल | दिनेश न्यौपाने |
| ८१ | ॐ संजिवनी डाईग्नोष्टिक प्रा.लि. | धेविघाट | डि.पी.न्यौपाने |
| ८२ | गोरखा लिगलिग.पोलिक्लिनिक प्रा. लि | सामाखुशी | टिकाराम कुमाल |
| ८३ | डायमण्ड पोलिक्लिनिक प्रा. लि | सामाखुशी | अमर वहादुर थापा |
| ८४ | साई पोलिक्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा. लि | महाराजगंञ्ज | अशोक कुमार झा |
| ८५ | फ्यूजन पोलिक्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा. लि | नारायण गोपाल चोक | डि.बि गिरी |
| ८६ | पूर्णिमा मेडिकल एण्ड रिसर्च सेन्टर प्रा. लि | गोंगबु नयाँ बसपार्क | दिवाकर गौतम |
| ८७ | पूर्णचन्द्र डाइग्नोष्टिक सेन्टर प्रा. लि | गौशला | चेतुबाबा पोखरेल |
| ८८ | ईशान पोलिक्लिनिक एण्ड रिसर्च सेन्टर प्रा. लि | लाजिम्पाट | ईन्द्र वहादुर के.सी |
| ८९ | न्यू वर्ल्ड भ्यू मेडिकल सेन्टर प्रा. लि | वसुन्धरा चोक | अमृत विश्वकर्मा |
| ९० | पानासिया पोलिक्लिनिक सेन्टर प्रा. लि | नयाँ बानेश्वर | भुमा कुमार राई |
| ९१ | सम्राट मेडिकल हल प्रा. लि | पञ्चकुमारी नयाँ बानेश्वर | मुकुन्द भट्टराई |
| ९२ | सुनापति पोलिक्लिनिक एण्ड हेल्थ सेन्टर प्रा. लि | नयाँ बानेश्वर | रन्जिता बस्नेत |
| ९३ | यू. एण्ड पि. पोलिक्लिनिक प्रा. लि | तिनकुने, सुविधानगर | अन्नत थापा |
| ९४ | खड्ग सिंह पवित्रा रावल हस्पिटल प्रा.लि. | कपन | डा. दिनेश के रावल |
| ९५ | सुनगाभा पोलिक्लिनिक प्रा. लि | नयाँ बानेश्वर | हरिशरण न्यौपाने |
| ९६ | हेल्दि लाईफ ईन्टरनेशनल मेडिकल सेन्टर प्रा.लि | अनामनगर | चन्द्र राना |
| ९७ | पूजा मेडिकल डाईग्नोष्टिक सेन्टर प्रा. लि | बत्तीसपुतली | शंकर शाह |
| ९८ | डाईनेष्टि मेडिकल सेन्टर प्रा. लि | महारजगञ्ज | राजकुमार प्रधान |
| ९९ | अम्बिकेश्वरी मेडिकल सेन्टर प्रा. लि | नारायणगोपाल चोक | विमल रावल |
| १०० | सिद्धबाबा पोलिक्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा. लि | सामाखुशी | हरिबहादुर रायमाझी |
| १०१ | रोज ईन्टरनेशनल मेडिकल सर्भिसेज प्रा.लि | सामाखुशी | नवराज न्यौपाने |
| १०२ | मेडिकेयर नेशनल पोलिक्लिनिक प्रा. लि | गोंगबु | अमृतकुमार राना |
| १०३ | हेल्पीड हेल्थ पोलिक्लिनिक प्रा. लि | मैतीदेवी | माधव गौतम |
| १०४ | अखण्ड पोलिक्लिनिक प्रा. लि | जावलाखेल | हिक्मत सिंह |
| १०५ | स्टार हेल्थ केयर एण्ड डाईग्नोष्टिक सेन्टर प्रा. लि | गौशला | खुशीलाल चौधरी |
| १०६ | स्वर्णिम पोलिक्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा. लि | सामाखुशी | मोहन मल्ल |
| १०७ | मेरिडियन हेल्थ केयर सेन्टर प्रा. लि | चक्रपथ | देवान राई |
| १०८ | अल्का पोलिक्लिनिक प्रा. लि | जावलाखेल | विद्या श्रेष्ठ |
| १०९ | प्रशान्ति हेल्थ केयर सेन्टर प्रा.लि | जवलाखेल | हसना थापा |
| ११० | ग्रीन मेडिकल सेन्टर प्रा. लि | महाराजगञ्ज | विनोद शाह |
| १११ | कामना पोलिक्लिनिक एण्ड हेल्थ केयर सेन्टर प्रा. लि | महाराजगंञ्ज | रिता कार्की |
| ११२ | सनराइज पोलिक्लिनिक एण्ड डाईग्नोसिस सेन्टर प्रा.लि | कुपण्डोल | देवराज गौतम |
| ११३ | देउराली मेडिकल हेल्थ केयर सेन्टर प्रा. लि | गोंगबु | महेश श्रेष्ठ |
| ११४ | बुढासुब्बा मेडिकल सेन्टर प्रा. लि | दमक, झापा | मेघाहाङ शेर्पा |
| ११५ | मेघा मेडिकल सेन्टर प्रा. लि | सामाखुशी | संजिव कुमार शर्मा |
| ११६ | सिलिङ्ग मेडिकल सेन्टर प्रा. लि | धुम्वराही | दिपक गुरुङ |

| क्र.सं. | संस्थाको नाम | ठेगाना | प्रतिनिधि |
|---|---|---|---|
| ११७ | एशियन रेज मेडिकेयर एण्ड रिसर्च सेन्टर प्रा. लि | चप्पल कारखाना | दिलकुमार लिम्बु |
| ११८ | अरूण मेडिकल सेन्टर प्रा. लि | सामाखुशी | महाप्रसाद पोखरेल |
| ११९ | एब्रोड हेल्थ केयर एण्ड रिसर्च सेन्टर | कुमारीपाटी | मधुकर विष्ट |
| १२० | सिद्धार्थ पोलिक्लिनिक प्रा.लि. | पुतलीसडक | नवराज बन्जाडे |
| १२१ | हिमारव पोलिक्लिनिक प्रा. लि | सुकेधारा | कमल तामाङ्ग |
| १२२ | गल्फ स्पिङ्ग मेडिकल सेन्टर प्रा. लि | महाराजगञ्ज | रामबाबु श्रेष्ठ |
| १२३ | ग्लोबल मेडिकल सेन्टर प्रा. लि | सामाखुशी | मनिषा सुब्बा नाल्वु |
| १२४ | बाबा मेडिकल सेन्टर प्रा. लि | चप्पल कारखाना | अरूण देव |
| १२५ | संजिवनी मेडिकल एण्ड रिसर्च सेन्टर प्रा. लि | गौशाला | जयनुल राईन |
| १२६ | रिभाईभ पोलिक्लिनिक सेन्टर प्रा. लि | गौशाला | चिरञ्जीवी चुडाल |
| १२७ | गोरखा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि | क्षेत्रपाटि ढल्को | जीवनकुमार के.सी. |
| १२८ | नवदुर्गा पोलिक्लिनिक प्रा. लि | पुतलीसडक | मैनाली |
| १२९ | त्रिशुली एक्स-रे एण्ड क्लिनिक प्रा .लि. | महाबौद्ध | निरज राना मगर |
| १३० | ॐ सिद्धि पोलिक्लिनिक एण्ड मेडिकल सेन्टर प्रा.लि. | सुन्धारा | अनुपकुमार सक्सेना |
| १३१ | नेपाल डाईग्नोस्टिक सेन्टर प्रा. लि. | – | गोपाल |
| १३२ | समानन्तर पोलिक्लिनिक प्रा. लि. | अद्वैत मार्ग | रामप्रसाद कडेल |
| १३३ | क्यापिटल अस्पताल प्रा. लि. | पुतलिसडक | – |
| १३४ | क्यूरेक्स डाईग्नोस्टिक सेन्टर | पुतलिसडक | – |
| १३५ | ब्रिटिस गोरखा कम्यूनिटि अस्पताल एण्ड रिसर्च सेन्टर | अनामनगर | भक्तराज राई |
| १३६ | चिरायू नेशनल हेल्थ एण्ड रिसर्च सेन्टर | भक्तिमार्ग, नयाँबानेश्वर | – |
| १३७ | साउथ एशियन हेल्थ केयर सेन्टर | गौशाला | गोपाल दाहाल |
| १३८ | यूनाइटेड मेडिकल सेन्टर प्रा. लि | लाजिम्पाट | – |
| १३९ | एलायन्स मेडिकल एण्ड रिसर्च सेन्टर प्रा. लि | बनस्थली चोक | दिलप्रसाद पोखरेल |
| १४० | ब्राइट मेडिकल सेन्टर प्रा. लि | सामाखुसी | – |
| १४१ | विनायक अस्पताल र प्रशुतिगृह प्रा. लि | गोंगबु | गोविन्द ज्ञवाली |
| १४२ | लाजिम्पाट सुलभ क्लिनिक | सरस्वतीमार्ग, लाजिम्पाट | – |
| १४३ | श्री कुन्ता पोलिक्लिनिक एण्ड हेल्थ केयर सेन्टर प्रा.लि. | नयाँ बानेश्वर | – |
| १४४ | हेल्थ केयर क्लिनिक | त्रिपुरेश्वर, टेकु | सुमण शमशेर राणा |
| १४५ | लोटस पोलिक्लिनिक एण्ड डाईग्नोस्टिक सेन्टर | बसुन्धरा चोक | नेत्र घिमिरे |
| १४६ | कान्तीपुर डाईग्नोस्टिक सेन्टर प्रा.लि | कान्तिपथ, ज्याठा | डा. आर.डि जोशी |
| १४७ | कोहिनुर मेडिकल सेन्टर प्रा.लि | प्रवेशमार्ग, महाराजगञ्ज | ओम प्रकाश सक्सेना |
| १४८ | एड्भान्स पोलिक्लिनिक प्रा.लि. | लाजिम्पाट, | डा. प्रेमलाल श्रेष्ठ |
| १४९ | शुभम पोलिक्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा.लि | नयाँबानेश्वर | प्रामोद न्यौपाने |
| १५० | युरेसिया पोलिक्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा.लि | गोंगबु | बद्रिनाथ ओझा |
| १५१ | ईलाइट मेडिकल सेन्टर प्रा.लि | कुपण्डोल | रघुनाथ गिरी |
| १५२ | रिजा पोलिक्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा.लि | महाराजगञ्ज | रामु आचार्य |
| १५३ | बुढानिलकण्ठ पोलिक्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा.लि | बुढानिलकण्ठ | – |
| १५४ | सगरमाथा क्लिनिक एण्ड रिसर्च सेन्टर प्रा.लि | सामाखुशी | – |
| १५५ | संजीवनी पोलिक्लिनिक प्रा.लि | कोटेश्वर | – |

# स्वास्थ्य सन्दर्भ र वैदेशिक रोजगार



◆ राजेश्वर डी. श्रेष्ठ

मुलुकको आर्थिक क्षेत्रमा महत्वपूर्ण भुमिका निवार्ह गर्दै आएको क्षेत्रहरूको कुरा गर्दा बैदेशिक रोजगारको क्षेत्रलाई बिर्सन मिल्दैन । करिब ६ सय भन्दा बढीको हाराहारीमा संचालित बैदेशिक रोजगारका संस्थाहरू र त्यसका माध्यमबाट रोजगारको लागि विदेश जाने नेपालीहरूको संख्यालाई दृष्टिगत गर्ने हो भने त्यसको प्रभावित क्षेत्रको सहज अनुमान लगाउन सकिन्छ ।

एक अध्ययनले करिब २५ लाख नेपालीहरू बैदेशिक रोजगारका सिलसिलामा विश्वमा छरिएको देखिन्छ । बर्षनी लाखौमा संख्यामा नेपाली दाजुभाई दिदी बहिनीहरू घरखेत बन्धक राखी पसीना बगाएर २/४ पैसा कमाउन बिदेश जाने गर्दछन । रेमिट्यान्स मार्फत मुलुकलाई प्राप्त हुने आर्थिक आम्दानीको दृष्टिले यो महत्वपूर्ण छ नै तर अरु सगै मुलुकमै रोजगारीको अवसरको कमी र जनशक्ति बिदेश मै जानेले भन्दा नेपालीको जनशक्ति अवस्था लाई चरणले हजारौको संख्यामा बिदेश



उड्नेहरूको तात्ती बिमानस्थलको सेरोफेरोमा देख्दा मुलुकमै यो जंनशक्तिलाई सदुपयोग गर्ने अवसर प्रदान गर्न राज्य द्रुदतर गतिमा असफल हुँदै गएको छर्लगिन्छ रेमिटेयान्स भित्र्याएको भन्दै आफुलाई जति नै गर्व महशुस गरेपनि रोजगारको अवसर प्रदान गनृ नसक्नु र त्यही बदेशिक रोजगारको क्षेत्रलाई ब्यवस्थित बनाउन नसक्नुमा लाज महसुस गर्नु पर्ने हुन्छ ।

दैनिक रोजगारीका लागि विदेशिने नेपालीको संख्या भन्दा बढी संख्यामा ठगीएका घटनाहरू चर्किरहेको श्रम विभागको परिसरमा देख्न सकिन्छ । नियमसम्मत ढंगमा भन्दा नियम मिचेर विदेश पठाउने काममा व्यवसायी र विभागका व्यक्तिहरु त्यस कामलाई सहज बनाइदिने काममा बढी आकर्षित भएको देखिन्छ ।

बैदेशिक रोजगारलाई व्यवस्थित बनाउन राज्य द्वारा बनाइएको ऐन कानुनको उपहास भइरहेको त्यहाँ देख्न सकिन्छ । म्यानपावर कम्पनीका प्रतिनिधिहरूको

घुईचो फाइल र दौड धुप ठगीका कारण पीडित बन्न पुगेका व्यक्तिहरूको चिच्याहट र आदिजस्ता घटना दृश्य विभागको सामान्य दैनिकी बन्न पुगेको छ। त्यहाँ हुने गरेका दौड धुप, भीड एवं ठग्गिनेहरूको जमातले यी क्षेत्र आयमुलक हुँदा हुँदै कति अब्यवस्थित बन्दैछ भन्ने देखाउँछ।

अब्यवस्थापन र ऐन कानूनको उपहास भइरहेको अर्को पक्ष बैदेशिक रोजगारका लागि अनिवार्य गरिएको स्वास्थ्य परिक्षणलाई नियमित नगर्नु पनि हो। रोजगारका लागि विदेश जानु अघि शारीरिक स्वस्थताका लागि स्वास्थ्य परिक्षण गरी निरोगिताको प्रमाण लिन जरुरी हुन्छ। जुन सुकै मुलुकहरूले पनि स्वस्थ जनशक्ति चाहेको हुन्छ। त्यसका लागि नेपाल सरकराले बैदेशिक रोजगार ऐन, २०६४ मै रोजगारका लागि विदेश जानु अघि नेपाल सरकारद्वारा स्वीकृत गरिएका स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य परीक्षण गराउनु पर्ने प्रावधान राखिएको छ। जसको अर्थ हुन्छ रोजगारका लागि विदेश जानेले स्वीकृत भएका स्वास्थ्य संस्थाबाट नै स्वास्थ्य परीक्षण गराउनु पर्ने हुन्छ। तर त्यस्तो भइरहेको पाइँदैन।

हाल नेपालमा बैदेशिक रोजगारका लागि सूचीकृत १ सय ३१ वटा स्वास्थ्य संस्थाहरू छन्। राज्यको ऐन अनुसार तिनै स्वास्थ्य संस्थाबाट स्वास्थय परीक्षण गरिए मात्र त्यसले अधिकारप्राप्त गर्दछ। तर श्रम विभागद्वारा विदेश जानु अन्तिम स्वीकृत प्रदान गर्दा त्यस विषयमा ध्यान पुऱ्याउने गरेको देखिँदैन। सूचीकृत असूचीकृत को ख्याल नराखी मेडिकल रिपोर्ट मात्र हेरेर स्वीकृत दिने गरेको पाइन्छ। त्यसरी सूचीकृत नभएका स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गरिएको रिपोर्टलाई स्वीकृत दिनु ऐन सम्मत हुँदैन भने त्यसका कारण सम्बन्धित व्यक्तिलाई फर्किएको खण्डमा उक्त व्यक्तिले क्षतिपूर्ति समेत नपाउने हुन्छ। किनकी बैदेशिक रोजगार ऐन कै दफा ७२ मा स्वास्थ्यका कारण फर्किएमा सम्बन्धित स्वास्थ्य संस्थाले क्षतिपुर्ति दिनु पर्ने ब्यवस्था गरेको छ। जसका कारण सूचीकृत स्वास्थ्य संस्थाहरूलाई ऐनले ब्यवस्थित र जिम्मेवार बनाउन खोजेको छ। तर यति हुँदा हुँदै पनि स्वास्थ्य परीक्षणको गम्भिरतालाई सम्बन्धित निकायहरूले त्यति ध्यान दिन सकेको पाइदैन।

ब्यहारिक रूपमा हेर्नु पर्दा विदेश जानेहरूले सूचीकृत स्वास्थ्य संस्थाहरूबाट मात्र स्वास्थ्य परीक्षण गर्ने गरेको पाइँदैन भने त्यसरी सूचीकृत नभएका स्वास्थ्य संस्थाहरूद्वारा हुने अनधिकृत स्वास्थ्य परीक्षणका लागि कुनै निकायबाट कारवाही हुने गरेको पनि देखिँदैन।

ऐनमा ब्यवस्था गरिएको स्वास्थ्य परीक्षण र क्षतिपुर्तिलाई ब्यवस्थित गर्ने भन्ने उद्देश्यका साथ स्थापना भएको नेपाल स्वास्थ्य ब्यवसायी महासंघले क्षतिपुर्ति ब्यवस्था का लागि महासंघको होलोग्राम स्टीकर टाँस्नुपर्ने र त्यसरी होलोग्राम टाँसेर विदेश गएका कामदार स्वास्थ्यका कारण फर्किए क्षतिपुर्ति प्रदान गर्ने गरेको पाइन्छ। केही दिन अधि मलेशियाबाट फर्केका २ र अन्य २ व्यक्तिलाई जनही ७० हजारका दरले क्षतिपुर्ति प्रदान गरेको सार्वजनीक भएको छ।

बैदेशिक रोजगार ब्यवसायलाई ब्यवस्थित र मर्यादित बनाउन त्यस भित्रका प्रकृयाहरू पारदर्शी र सहज हुने हुनुपर्दछ। त्यती नभई लेनदेनका भरमा मात्र मानिस विदेश पठाउने र फर्केर फेरी मुद्धा मामिलाकै झमेलामा फसिरहने हो भने यतिबेला बैदेशिक रोजगार जुन संकटको अवस्थाबाट गुज्रिरहेको छ त्यसले अझै विकराल रूप लिने निश्चित छ।

नेपालको आर्थिक क्षेत्रमा रेमिभट्यान्सको गर्व हाँक्न सक्ने क्षेत्र बैदेशिक रोजगारलाई साँच्चिकै गर्विलो बनाउने हो भने ब्यवसाय, ब्यवसायी र सरकारी निकाय भित्र नै नितान्त सुधार गर्न जरुरी छ। त्यसै गरी बेदेशिक रोजगारीको क्षेत्रमा महत्वपुर्ण पाटीको रूपमा रहेको स्वास्थ्य परीक्षण ब्यवसायलाई पनि बढी ब्यवहारिक र जिम्मेवार पूर्ण बनाउन जरुरी छ। किनकी यंस क्षेत्रको कुरा गर्नु पर्दा हाल नेपाल स्वास्थ्य ब्यवसायी महासंघद्वारा परीक्षण बापत लिइरहेको शुल्क मध्ये आधा भन्दा बढी कमिशनमा जाने यथार्थ तीतो यथार्थ हो। निश्चय पनि होलोग्राम टासेका व्यक्तिलाई क्षतिपुर्ति प्रदान गरी ऐन सम्मत काम गरेको छ भने महासंघ मै आबद्ध सम्पूर्ण सदस्य संस्थाहरूलाई होलोग्राम टाँस्न लगाउन नसक्नु र कमिशन बन्द गर्न नसक्नु महासंघको कमजोर पक्ष हो।

बैदेशिक रोजगार र ब्यवसायीहरूको टाउको दुखाईको विषय भइरहेको क्षतिपुर्ति महासंघले जिम्मा लिएको अवस्थामा कमिशन अन्त्य गर्ने कामको नैतिक जिम्मेवारी अब नेपाल बैदेशिक रोजगार ब्यवसायी संघमा आएको छ। किनकी म्यानपावर कम्पनीहरूका एजेन्टहरूले नै कमिशन प्राप्त गर्ने गरेको छ। जे होस् ब्यवसायिक शुद्धिकरणका लागि सबै ब्यसायीहरूले यस पक्षमा आफुलाई सपष्ट बनाउँदै पारदर्शीता तर्फ अगाडि बढ्न जरुरी छ।

# नेपाल स्वास्थ्य व्यवसायी महासंघ
# निरीक्षणमा सूचिकृत नभएका संस्थाहरू

१. देउराली मेडिकल हेल्थ केयर सेन्टर प्रा.लि
२. बागमती स्वास्थ्य क्लिनीक प्रा.लि.
३. यू. एण्ड पि. पोलिक्लिनिक प्रा.लि
४. संजिवनी मेडिकल एण्ड रिसर्च सेन्टर प्रा.लि
५. न्यू वर्ल्ड भ्यू मेडिकल सेन्टर प्रा.लि
६. अम्बिकेश्वरी मेडिकल सेन्टर प्रा.लि
७. मधु हेल्थ सर्भिस एण्ड काउन्सेलिङ सेन्टर प्रा.लि
८. हिमारब पोलिक्लिनिक प्रा.लि
९. मिडभ्याली इन्टरनेशनल पोलिक्लिनिक एण्ड रिसर्च सेन्टर प्रा.लि
१०. रिलीफ हेल्थ केयर प्रा.लि.
११. चाँद मेडिकल सेन्टर प्र.लि.
१२. संजिवनी पोलिक्लिनिक एण्ड मेडिकल सेन्टर प्रा.लि.
१३. सिद्धबाबा पोलिक्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा. लि
१४. युरेसिया पोलिक्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा.लि.
१५. बुढानिलकण्ठ पोलिक्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा.लि.
१६. आर्दश मेडिकेयर एण्ड रिसर्च सेन्टर प्रा.लि.
१७. ए. टु. जेट डाईग्नोष्टिक सेन्टर प्रा.लि.
१८. ईलाइट मेडिकल सेन्टर प्रा.लि.
१९. कामना पोलिक्लिनिक एण्ड हेल्थ केयर सेन्टर प्रा.लि
२०. सगरमाथा क्लिनिक एण्ड रिसर्च सेन्टर प्रा.लि
२१. हिमालयन सञ्चो पोलिक्लिनक सेन्टर प्रा.लि.
२२. बर्षा डाइग्नोष्टिक एण्ड रिसर्च सेन्टर प्रा.लि
२३. डाइनामिक मेडिकल सेन्टर एण्ड पोलिक्लिनिक प्रा.लि.
२४. एस.बि. एन पोलिक्लिनिक प्रा.लि.
२५. उपत्यका प्याथोलोजी, पुल्चोक
२६. नोजोमी पोलिक्लिनिक प्रा.लि. सिनामगंल
२७. काठमाण्डौं हेल्थ चेकअप, मैतिदेवी
२८. मुनाल पोलिक्लिनिक एण्ड मेडिकल सेन्टर प्रा.लि.
२९ बागेश्वरी पोलिक्लिनिक एण्ड हेल्थ केयर सेन्टर प्रा.लि.
३०. क्यापिटल पोलिक्लिनिक एण्ड रिसर्च होम प्रा.लि
३१. त्रिजा पोलिक्लिनिक प्रा.लि.
३२. एब्रोड हेल्थ केयर सेन्टर प्रा.लि.
३३. ज्ञानी बुद्ध पोलिक्लिनिक एण्ड रिसर्च सेन्टर प्रा.लि
३४. रिलायबल मेडिकल हेल्थ केयर सेन्टर प्रा.लि.
३५. गोरखा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि
३६. अल्फा लक्ष्मी पोलिक्लिनिक प्रा.लि.
३७. ट्रिपल स्टार मेडिकल एण्ड रिसर्च सेन्टर प्रा.लि
३८. सपना हेल्थ केयर सेन्टर प्रा.लि.
३९. अमर डाईग्नोष्टिक एण्ड रिसर्च सेन्टर प्रा.लि.
४०. श्री ईन्टरनेशनल क्लिनिक प्रा.लि.
४१. प्रेम मेमोरियल हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
४२. यूनिटी पोलिक्लिनिक प्रा.लि.
४३. बज्रपाणी प्रयोगशाला
४४. सफल पोलिक्लिनिक प्रा.लि.
४५. ललितपुर प्याथोलोजी ल्याब
४६. पाटन प्याथोलोजी ल्याब प्रा.लि.
४७. सनमुन ईन्टरनेशनल मेडिकल सेन्टर प्रा.लि. महाराजगञ्ज
४८. ओम बुद्ध मेडिकल सेन्टर प्रा.लि. बल्खु
४९. डाफे ईन्टरनेशनल मेडिकल सेन्टर प्रा.लि. बालाजु
५०. अजिमा मेडिकल सेन्टर प्रा.लि. महाराजगञ्ज
५१. सिजन्स पोलिक्लिनिक प्रा.लि. नँयाबजार
५२. अम्बिका मेडिकल सेन्टर प्रा.लि, गौशाला
५३ लाइफ केयर डाइग्नोष्टिक सेन्टर प्रा.लि, त्रिपुरेश्वर
५४. रोयल पोलिक्लिनिक एण्ड रिसर्च सेन्टर प्रा.लि. नेपालगञ्ज
५५. चन्द्रलिका मेडिकल एण्ड पोलिक्लिनिक प्रा.लि, जनकपुरधाम
५६. सिटी टप मेडिकल एण्ड रिसर्च सेन्टर प्रा.लि, सिनामंगल
५७. सक्सेस मेडिकल सेन्टर प्रा.लि, रातोपुल गौशाला

# स्वास्थ्यको सर्जरी



◆ प्रवेश रोक्का क्षेत्री
prabesh_11@yahoo.com

नेपाल स्वास्थ्य व्यवसाय महासंघ स्थापना कालदेखि नै स्वास्थ्य संस्थाहरूको हित र स्वास्थ्य संस्थाहरूको गुणस्तरीयमा जोड दिँदै आएको छ। यस नेपाल स्वास्थ्य व्यवसाय महासंघको प्रमुख उद्देश्य भनेको वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको स्वास्थ्य परिक्षण गर्ने संस्थाहरूको गुणस्तरीय वृद्धि गर्ने र नेपाल सरकारबाट मान्यता प्राप्त भई निरीक्षण गराई महासंघमा आबद्ध भई वैदेशिक रोजगारमा जाने कामदारहरूको मेडिकल स्वास्थ्य परीक्षण गराउनु हो। हाम्रो देशको जिल्लाहरूमा निजीस्तरबाट संचालन गरेको र बढी प्रभाव भएको ठाउँहरूमा महासंघको शाखा खोल्नु यसको उद्देश्य रहेको छ।

सबै वैदेशिक रोजगारमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण कसरी कुन तरिकाले के के स्वास्थ्य परीक्षण हुन्छ भन्ने कुरा स्वयम् सम्बन्धित व्यक्तिले र के कस्तो कारणले स्वास्थ्य परीक्षण सफल असफल हुन्छ भन्ने कुरा जानकारी गराउनु पनि उसको उद्देश्य रहेको छ।



सरसर्ती सबैले बुझ्नु पर्ने कुरा के छ भनी नेपालमा स्वास्थ्य परीक्षण सम्बन्धीत संस्थाहरूको संघ सबै आफू एकाधिकार गरेर मात्र बस्ने खालको देखिएको छ। जस्तै गाम्का माम्का (पहिलेको जुन मेलेसियाको मेडिकल सिमित संस्थाहरूले मात्र गदैथ्यो। त्यस पछि २०६२ सालमा ६३ वटाको लिस्ट थियो, फेरि त्यसपछि सिमित १८, २० वटा स्वास्थ्य परीक्षण गर्ने संस्थाहरूले मात्र नाम नोमिनेट गरेर क्याविनेट सम्मको पैसाको चलखेल गरेर सबै मेडिकल स्वास्थ्य परीक्षण एकाधिकार गर्न खोजेको थियो। यी सबै असफल भयो यस कारण उनीहरू सिमित व्यवसायी मात्र यसमा हावी हुन खोज्यो। गाम्का नामको संस्थाको सन्दर्भमा भन्ने हो भने गाम्का नामको संस्था मार्फत सिमित स्वास्थ्य संस्थाहरूले निश्चित देशका लागि स्वास्थ्य परीक्षण एकलौटी रूपमा गर्ने गरेको छ। यसले एकातिर सरकारद्वारा सुचीकृत १३१ स्वास्थ्य संस्थाहरूलाई प्रतिस्पर्धामा जान रोक लगाएको छ भने अर्कोतिर सरकारद्वारा बनाउने कानुनलाई नै चुनौति दिएको देखिन्छ। यस तर्फ राज्य गम्भीर हुन जरुरी छ।

नेपालबाट २०६०/६१, ६१/६२, ६२/६३ मा वैदेशिक रोजगारमा जाने कामदारहरू धेरै बढेको थियो। फलस्वरूप सिमित मात्र रहेको स्वास्थ्य परीक्षण गर्ने संस्थाहरूबाट संख्यात्मक रूपमा यसको संस्थाहरू बृद्धि हुन थाल्यो।

त्यतिखेर जुन अप्ठरो परिस्थिति सृजना भएको थियो स्वास्थ्य मन्त्रालय, स्वास्थ्य विभाग र श्रम विभागसँग अनि जो सिमित स्वास्थ्य संस्थाहरूले मात्र हावी गर्न खोजेको थियो। सबै आज यस नेपाल स्वास्थ्य व्यवसायी महासंघको काम अनि गति देखेर साँच्चिकै पछाडी हटेको छ र भन्नु नै पर्दा खेरी स्वास्थ्य विभाग, मन्त्रालय र श्रम विभाग हामीसँग हातेमालो गरेर अगाडि बढिरहेको छ र एकाधिकार गर्ने स्वास्थ्य संस्थाहरू हाम्रो अगाडि झुकेको छ।

यस नेपाल स्वास्थ्य व्यवसाय महासंघ आज तेस्रो साधारण सभासमम आइपुग्दा जुन कामहरू गरिएर देखाएको छ। त्यो साँच्चिकै एउटा कोशेढुङ्गा सावित भएको छ।

■ वैदेशिक रोजगार ऐन २०६४ मा नेपाल स्वास्थ्य व्यवसाय महासंघ प्रतिनिधित्व भयो।

■ २०६५ सालमा श्रावण/भदौदेखि महासंघको रोहबरमा महासंघमा आवद्ध भएको सम्पूर्ण स्वास्थ्य

संस्थाहरूको निरिक्षण भयो, लगत्तै असफल भएको सम्पूर्ण स्वास्थ्य संस्थाहरूलाई महासंघ कै रोहबरमा ऐतिहासिक निरिक्षण गराइयो ।

■ भदौ १ गतेदेखि स्वास्थ्य परीक्षणमा गुणस्तरीय कायम गर्नको लागि Health Help book को कार्यालय स्थापना गरियो ।

■ Health Help Desk बाट क्षतिपूर्तिको लागि कल्याणकारी कोषको स्थापना गरियो र लगत्तै मेडिकलको कारणले फर्केर आएकोलाई क्षतिपूर्ति दिइयो र अरू यस्ता धेरै कामहरू महासंघले गर्नुपर्दछ ।

यसका लागि समस्या र चुनौतिहरू पनि तडकारो, रूपमा आइरहेको हुन्छ । यसमा सम्बन्धित निकायबाट पहल आवश्यक छ । हाम्रो सम्बन्धित क्षेत्रबाट पहल अझ पनि राम्रोसँग नहुनु निराशाजनक रहेको छ । वैदेशिक रोजगरमा जाने कामदारहरूको स्वास्थ्य परीक्षणसँग सम्बन्ध भएको निकायहरूलाई नेपाल स्वास्थ्य व्यवसाय महासंघले एकाधिकार गर्न लाएको भन्नेकुरा गलत तरिकाले बुझ्नु नेपाल सरकारसँग स्वीकृति प्राप्त भई निरिक्षण गराई महासंघसँग आबद्ध भए पछि सबै स्वास्थ्य स्वास्थ्य संस्थाहरूले स्वास्थ्य परीक्षण गर्न पाउछ । सम्बन्धित निकायलाई ध्यान आकर्षित गराउन चाहन्छु ।

गलत बाटोले गलत सोचाइले गलत गन्तव्यतिर पुराउँछ । यसमा सम्बन्धित निकायहरू र नेपाल स्वास्थ्य व्यवसाय महासंघ बसेर वृहत रूपमा छलफल गरेर यसलाई एउटा साँच्चिकै एउटा राम्रो प्रारूप दिनुपर्छ । अनि धमिलो पोखरीमा माछा मार्ने खोज्नहरूलाई किनारा लगाउनुपर्छ ।

र अन्तमा संसार मै स्वास्थ्य सम्बन्धित पेशा भनेको एउटा राम्रो अनि मर्यादित पेशालाई लिइन्छ । हाम्रो देशमा गाउँहरूमा पुग्ने हो भने त्यहाँ रहेको डाक्टरको अभावले गर्दा खेरी अ.न.मी., हे.अ. झनै प्रभावशाली रहेको र उनीहरूलाई नै भगवान मानिरहेको हुन्छ । संसारमा नै अहिले आर्थिक मन्दीले छोएको छ । यसमा हाम्रो देश पनि पक्कै अछुतो हुन सक्दैन । यस फलस्वरूप हाम्रो आफ्नो व्यवसायलाई पनि राम्रोसँग अध्ययन गरेर बैदेशिक रोजगारको मात्र काम नगरेर आफ्नो स्वास्थ्य संस्थालाई स्वास्थ्यसँग सम्बन्धित ओ.पि.डी. सेवा, परिवार नियोजन कार्यक्रम, माइनर अप्रेशन प्रोग्राम विद्यालय तथा पोषण कार्यक्रम, अरु यस्तै स्वास्थ्य सम्बन्धि अरु क्षेत्रहरूलाई समेटेर जानुपर्ने हुन्छ । नत्र हामी सबै यस क्षेत्रबाट पलायन हुन्छौं ।


***Anjali Yonzone***
**Proprietor**
**Mob: 9851011179**

***Ganga Ram Giri***
**Marketing Manager**
**Mob: 9841311601**

**'Dealer of Kodak'**

***Our Services :***
- Supplier of Medical Equipments
- Accessories & Surgical Items
- Chemical & Scientific Equipments.

**A.A. Suppliers**
**Kupondole, Lalitpur, Nepal**
**Tel.: 5521659, 012052039**

# नेपाल स्वास्थ्य ब्यवसायी महासंघको
# नागरीक वडापत्र

१) नेपाल सरकारबाट सूचिकृत स्वास्थ्य संस्थाहरूबाट मात्र स्वास्थ्य परीक्षण गराउनु होला ।

२) महासंघद्धारा जारी महासंघको लोगो सहितको होलोग्राम अनिवार्य रूपमा प्रयोग भएको रिपोर्ट मात्र लिनुहोला ।

३) स्वास्थ्य परीक्षण गरेबापत तिरेको रकमको विल अनिवार्य रूपमा लिनुहोला ।

४) स्वास्थ्य परीक्षणको रिपोर्ट परीक्षण गरेको २४ घण्टा पछि लिनुहोला ।

५) महासंघद्धारा जारी मापदण्ड र मूल्य सूचि सबै स्वास्थ्य संस्थाहरूले प्रष्ट देखिने गरी राख्नु होला ।

६) सवै स्वास्थ्य संस्थाहरुले निरीक्षणमा सफल भएका संस्थाहरूको नामावली देखिने गरी राख्नुहोला ।

७) स्वास्थ्य परीक्षणमा कमिशनलाई पूर्णत वर्जित गरिएको हुँदा स्वास्थ्य संस्था र उपभोक्ता सबै यसप्रति पूर्णतः सचेत हुनुहोला ।

८) प्रत्येक संस्थाहरूले आफ्नो क्लिनिकमा कार्यरत चिकित्सक एवं स्वास्थ्य प्राविधिकहरूको नाम र समय तालिका देखिने गरी राख्नु होला ।

९) स्वास्थ्य संस्था खुल्ने र बन्द हुने समय किटानी साथ राख्नुहोला ।

१०) स्वास्थ्य परीक्षण गरेको एक हप्ता भित्र स्वास्थ्य परीक्षणको रिपोर्ट कार्डमा होलोग्राम स्टीकर अनिवार्य रूपमा टाँसिसकेको हुनुपर्ने कुराको हेक्का सम्वन्धित सबैले राख्नुहोला ।

११) यौनजन्य रोग (HIV/AIDS)गनोरिया, सिफलीस र हेपाटाईटिस वी आदिबाट प्रमाणित भएर फर्किएको अवस्थामा महासंघ वा स्वास्थ्य संस्था जिम्मेवार नहुने कुराको हेक्का राख्नुहोला ।

१२) मेडिकल रिपोर्ट बिक्री गर्ने र रिपोर्ट कार्ड प्रयोग गर्ने स्वास्थ्य संस्थालाई कडा कारवाही गरिने जानकारी सबैले राख्नुहोला ।

१३) स्वास्थ्य परीक्षण शुल्क हाललाई महिलाहरूका लागि रु २१००/- र पुरुषहरूका लागि रु २०००/- कायम गरीएको जानकारी राख्नुहोला ।

१४) महासंघले तोकेको भन्दा कम परीक्षण शुल्क लिई स्वास्थ्य परीक्षण गर्ने संस्थालाई महासंघको आचारसंहिता बमोजिमको कारबाही गरिने जानकारी राख्नुहोला ।

१५) स्वास्थ्यका कारण फर्काइएमा फर्काइएको कारण खुलाइएको आधिकारीक पत्र एवं अन्य सम्वन्धित सम्पूर्ण कागजात सहित क्षतिपूर्तीका लागि नेपाल स्वास्थ्य ब्यवसायी महासंघमा सम्पर्क राख्नुहोला ।

१६) स्वास्थ्य परीक्षणका सम्बन्धमा कुनै कुरा चित्त नबुझे महासंघमा सम्पर्क राख्नुहोला ।

१७) कुनै सुझाव भए फोन नं. ६२१९४१२/४१११०९२ वा फ्याक्स नं. ४१११०९२ वा इमेल Infonhpf@ntc.net.np वा वेभसाइड www.nepalhpf.org मा जानकारी दिनुहोला ।

# चुनौतीसँग जुध्दै स्वास्थ्य व्यवसायी

◆ सुलोचना श्रेष्ठ



जुनसुकै काम गर्दा पनि समस्या अर्थात चुनौतिहरू नहुने ठाउँ हुँदैन, तर त्यस्ता समस्याहरूसँग जुध्दै समस्याको समाधान गर्नु बुद्धिमानी मानिन्छ। स्वास्थ्य व्यवसायीहरू पनि समस्याहरूबाट मुक्त हुन सकेका छैनन्। स्वास्थ्य जस्तो सम्बेदनशिल संस्थामा किन समस्या ? कस्तो समस्या ? भन्ने प्रश्न उठन सक्छ।

स्वास्थ्य संस्था उ आफैँमा समस्याग्रस्त छ भने उसले एक अर्का व्यक्तिको स्वास्थ्य परीक्षण कसरी सही तरिकाले गर्न सक्छ ? कुनै पनि व्यक्तिको स्वास्थ्य परीक्षण गरी उ भित्र भएको फिट अनफिट (स्वास्थ्य) सम्बन्धीको ग्यारेन्टी गर्ने संस्था पहिला त संस्था आफैं समस्यारहति (फिट) हुनु आवश्यक देखिन्छ, त्यसपछि मात्र स्वास्थ्य संस्थाले कुनै व्यक्ति विषेशको ग्यारेन्टी (मेडिकल फिट अनफिट) लिन सक्छ। स्वास्थ्य संस्थाहरूलाई समस्या रहित गर्न अथवा चुनौतिबाट मुक्त गर्न सबभन्दा पहिलो भूमिका बैदेशिक रोजगार संस्थाहरूको देखिन्छ।




वैदेशिक रोजगार संस्थाहरूसँग स्वास्थ्य संस्थाहरूको प्रत्यक्ष सम्बन्धले यो समस्यामा कमी आउन सक्छ। अब त यो बजारमा आइसकेको हल्ला मात्र नभएर साँचो सत्य कुरा पनि हो, सम्पूर्ण स्वास्थ्य संस्थाहरूले मेडिकल गर्दा मेडिकल गर्ने व्यक्तिबाट लिएको रूपैया ५० प्रतिशत मात्र आफ्नो संस्थाले राखेर ५० प्रतिशत रकम नदिने स्वास्थ्य संस्था सायदै होला।

यस्तो अवस्थामा एजेन्ट मार्फत व्यक्तिहरू मेडिकल गर्न नआई वैदेशिक रोजगार संस्था मार्फत आएको खण्डमा कमिशन प्रथाको खेल बन्द हुने सक्ने धेरै सम्भावना देखिन्छ र स्वास्थ्य संस्थाहरूले कमिशन दिन नपरे उक्त कमिशनको सेवा मेडिकल गर्ने व्यक्तिलाई नै जाने र उसले अझ राम्रो सेवा पाउन सक्ने हुन्छ। यसले गर्दा स्वास्थ्य संस्थाहरू पारदर्शी हुन जान्छ। स्वास्थ्य संस्थाले पारदर्शी रूपमा काम गर्दा देशको राजश्व चुहावट कम भएर जान्छ। सम्पूर्ण स्वास्थ्य व्यवसायी संस्थाहरूलाई पारदर्शी बनाउन र एकरूपता कायम गर्न स्वास्थ्य संस्थाहरूको छाता संगठन नेपाल स्वास्थ्य व्यवसायी महासंघ आफैं लागि परेको छ। नेपाल सरकारले सुचीकृत गरेको स्वास्थ्य संस्थाहरूलाई अझ बढी गुणस्तरीय बनाउन महासंघ आफू कटिबद्ध रहेको छ। यसको लागि महासंघ आफैँले स्वास्थ्य संस्थाहरूमा प्राविधिकहरूको टोली गठन गरी अनुगमन गर्दै आएको पनि छ।

स्वास्थ्य संस्थाहरूलाई पारदर्शी बनाउन वैदेशिक रोजगार विभागले पनि सहयोगीको भूमिका निर्वाह गर्न सक्छ। नेपाल सरकारले सुचिकृत गरेको संस्थाहरूलाई महासंघको स्टीकर अर्थात होलोग्राम टाँसिएको रिपोर्ट कार्ड मात्र मान्य हुने व्यवस्था श्रम मंत्रालयबाट भएमा वैदेशिक रोजगार ऐन २०६४ र वैदेशिक रोजगारप नियमावली २०६४ ले व्यवस्था गरेको क्षतिपूर्ति व्यवस्थालाई व्यवस्थापन गर्न नेपाल स्वास्थ्य व्यवसायी महासंघले स्वास्थ्य हेल्प डेस्क कार्यविधि २०६४ लागु गरेको छ। यसले विदेशमा कामका लागि जाने दाजुभाइ तथा दिदीबहिनीहरूले होलोग्राम स्टिकर टाँसेर

गएको खण्डमा कदाचित मेडिकलको कारण अनफिट भै स्वदेश फर्कनु परेमा आउने जाने खर्च महासघ मार्फत सहजै दिने व्यवस्था मिलाएको छ। त्यस्तै नेपाल सरकारले लागू गरेको स्वास्थ्य सेवा शुल्क प्रत्येक चैमासिकमा महासंघले एकमुस्ट सबैबाट संकलन गरी महासंघ मार्फत बुझाउने जिम्मेवारी दिएमा वार्षिक ५, ७ करोड रकम राजस्वमा जम्मा हुनें देखिन्छ।

होलोग्राम स्टीकरलाई कानूनी मान्यता दिएमा यो गुणस्तरको प्रतिक चिन्हको रूपमा लि सबै मेडिकलहरूले आ-आफ्ना गुणस्तर बृद्धि गर्न दक्ष जनशक्ति, पूर्वधारको बिस्तार एवं औजारहरूको खरीदतिर लाग्नु स्यानपावर तथा एजेन्टले लिने फिसलाई न्युनिकरण गर्नेतिर अग्रसर हुने थिएन। वैदेशिक रोजगार विभागलाई अनाधिकृत स्वास्थ्य परीक्षण गर्न संस्थाहरूलाई रोक्न होलोग्राम स्टिकरले वैदेशिक रोजगार विभागलाई ठूलो मद्दत मिल्नेछ। स्वास्थ्य व्यवसायीहरूले ठूलो राहत पाउनेछन्। तर हाल वैदेशिक रोजगार विभागले फोटोकपी मेडिकल रिपोर्टलाई मान्यता दिएको देखिन्छ। यस्तो काम रोकिए मेडिकल गर्ने व्यक्ति सोझै मेडिकल सेन्टरसँग सम्बन्ध राख्दछ। यसले गर्दा ठगी गर्ने (एजेन्ट मार्फत) प्रवृत्ति आफैं रोकिएर जानेछ।

स्वास्थ्य मन्त्रालयले पनि स्वास्थ्य संस्थाहरूको बेला बेलाम निरिक्षण गरी संस्थाहरूलाई गुणस्तरीय बनाउन सक्नेछन्। समय समयमा स्वास्थ्य मन्त्रालय निरिक्षण गर्न आउँछ भन्ने स्वास्थ्य संस्थाहरूलाई पर्नु धेरे राम्रो कुरा हुन्छ, यसले स्वास्थ्य जस्तो संवेदशशिल पेशामा लागेका व्यवासयीहरू सधै सजग हुने देखिन्छ र आफ्नो संस्थालाई अझ बढी गुणस्तरीय बनाउने काममा लागदछन्।

Regd. No. 25944/060/61

*Mukunda Bhattarai*
**Managing Director**
**Mob: 9851105578**

***Our Services :***
- General & Specialist Check-up
- Pathology & Dygnostic lab
- Pharmacy, Dressing, Minor Surgery & X-ray

Samrat Medical Hall Pvt. Ltd. Kathmandu, Nepal

**Samrat Medical Hall**
**Health & Medical Care Center**
**Panchakumari Marg, New Baneshwor-34**
**Kathmandu, Nepal**
**Tel.: 012080796, Fax: 014466237**
**E-mail: mukunda_bhattarai@yahoo.com**

# नेपाल स्वास्थ्य ब्यवसायी महासंघ
# स्वास्थ्य हेल्प डेस्क
# स्वास्थ्य परीक्षण गर्ने मापदण्डको ढाँचा

| S.N | Test | Rate |
|---|---|---|
| 1. | Hb | 40.00 |
| 2. | TLC | 40.00 |
| 3. | DLC | 40.00 |
| 4. | M..P. | 100.00 |
| 5. | M.F. | 100.00 |
| 6. | Blood Suger R | 60.00 |
| 7. | Blood Urea | 100.00 |
| 8. | Serum Creatnine | 100.00 |
| 9. | Billirubin | 100.00 |
| 10. | SGPT | 100.00 |
| 11. | HIV | 300 |
| 12. | HBSAG | 250.00 |
| 13. | HCV | 250.00 |
| 14. | VDRL | 100.00 |
| 15. | Urine (Albumin, Sugar ) | 60.00 |
| 16. | Stool | 40.00 |
| 17. | X-Ray Chest | 200 |
| 18. | Physician Charge | 200 |
| 19. | Blood Grouping | 60.00 |
| 20. | Cannabies (Optional) | 250.00 |
| 21. | Pregnancy Test For Ladies (Optional) | 100.00 |
| 22. | Mounte test | 400.00 |

+5/-



# रोजगारीमा जानेहरूको एक्स-रे परीक्षण

◆ डा. सुधार प्रसाद अधिकारी
कन्सल्टेन्ट रेडियोलोजीष्ट

साधारण मानिसहरूले बुझ्ने गरेको विषय के हो भने विदेश जाने युवाहरू स्वास्थ्य हुन्छन् । तिनको मेडिकल जाँच भनेको एउटा औपचारिकता मात्र हो । तर विषयलाई गम्भीर भएर हेर्ने हो भने मेडिकल परीक्षण त्यति सरल र सहज पनि छैन र अझ गुणस्तरीय मेडिकल जाँज त कमै मात्र मेडिकल सेन्टरहरूमा गरेको पाइन्छ ।

विदेश जाने युवाहरू विशेष गरी दूर्गम स्थानबाट आउने र उनीहरूको शैक्षिक तथा सामाजिक परिवेश पनि तल्लो स्तरको पाइने हुनाले कहाँ र करी मेडिकल



जाँच गराउँदा राम्रो हुन्छ भन्ने ज्ञान करिब करिब शून्य देखिन्छ । यीं सबै कुरालाई ध्यानमा राखेर हेर्दा मेडिकल परीक्षण अति व्यवसायिक तथा गुणस्तरिय तरिकाबाट गर्नु नै उचित हुन जानेछ किनभने विदेशमा खास गरी गल्फ (खाडी देशहरू) जाने कामदारहरूलाई सानो भन्दा सानो समस्या देखिए पनि तुरुन्त फर्काउने चलन देखिँदै आएको छ ।

यसै सन्दर्भमा विदेश जाने कामदारहरू कमसे कम मेडिकलको अथवा स्वास्थ्यको कारण नफर्किनको लागि तल उल्लेखित बुँदाहरूमा सबन्धित सबैको ध्यान जान अति आवश्यक छ ।

१. वैदेशिक रोजगारमा जाने कामदार : पहिलो कुरा कामदारले आफ्नो स्वास्थ्यको बारेमा आफैंले सोच्नुपर्ने कुराहरूजस्तो कि रुघा, खोकी लागिरहने रोग छ भने राम्रो जाँच गरेर मात्र मेडिकल टेस्टमा बस्नु उचित हुन्छ । त्यस्तै उकालो अथवा सिंढीहरू चढ्दा सास बढने रोग, त्यस्तै पिसाब पोल्ने रोग, शरीरमा आउने गिर्खा र डल्लाहरू यदि छन् भने पहिले नै जाँच



गराएर सम्बन्धित चिकित्सकहरूले ठीक छ भने पछि मात्र वैध म्यानपाउर कम्पनीमा जानुपर्छ। घरमा कसैलाई टि.वी. यौन रोग, तथा छारे रोग छ भने मेडिकल जाँच अगावै चिकित्सकबाट उपचार गराउनु पर्दछ।

२. म्यान पावर कम्पनीहरूले ध्यान दिनुपर्ने कुराहरू: वैदेशिक रोजगारमा जाने कामदारहरू ९० प्रतिशत भन्दा माथि गाउँबाट आउने हुँदा उनीहरूको लागि स्वास्थ्य सम्बन्धी साधारण ज्ञान गाउँमा जाने एजेन्टहरूले पहिले नै भन्न जरुरी छ, जस्तो कि टि.बी:, छारे रोग, यौन रोग भएको मानिसहरू गाउँबाट सहर उपचारको लागि बाहेक) नआउदा राम्रो हुन्छ। दोस्रो यहाँ आएपछि पनि उनीहरू पर्याप्त उपकरण तथा चिकित्सक भएको मेडिकल सेन्टरमा लागि जचाउन उपयुक्त देखिन्छ।

जाँच भैसके पछि पनि सयौं दाग भएका मनिसहरू विदेश जाने कि नजाने भन्ने ठूलो विवाद छ। एक्स-रे बाट निस्किने दागहरू मुख्यतः पुरानो टि.वी.को दाग ( क्याल्सीफिकेसन), छातीको झील्ली सुकेको ( प्लरलथीकेनिङ) आदि यी दागहरू धेरै साना भएमा कतिपय मेडिकलबाट जान दिने गरेको पाइन्छ, तर मलेसिया, कतारजस्ता देशमा यस्ता दागबाट पनि फर्काइएका उदाहरण धेरै छन्। चिकित्सा शास्त्रअनुसार यस्ता दाग भएका मानिसहरू नर्मल नै मानिन्छ। तर विदेशमा कुनै कुनै मुलुकले यस्ता दाग भएका लाई फिर्ता पठाउने गरेको छ। यो सबै किसिमको जानकारी म्यानपावर सम्बन्धी काम गर्ने एजेन्टहरूलाई बुझ्न र बुझाउन जरुरी छ।

३. मेडिकल सेन्टरहरूले ध्यान दिनुपर्ने : अहिलेसम्मको पृष्ठभूमिलाई हेर्ने हो भने धेरै वैदेशिक कामदारहरू अनाहकमा विना कारण पनि फर्केका छन्। तीं सबलाई कम भन्दा कम गर्न निम्न कुराहरूमा ध्यान दिनु जरुरी देखिन्छ।

१. गुणस्तरीय प्रयोगशाला
२. गुणस्तरी एक्स-रे मेशिन
३. यन्त्र प्राविधिक तथा दक्ष चिकित्सकहरू

यी माथि उल्लेखित उपकरण तथा प्राविधिकको अलावा मेडिकल सेन्टरहरूले नचाहिदो व्यापारिक प्रतिस्पर्धा हटाउन सक्नुपर्छ। जसको लागि म्यान पावर कम्पनी, एजेन्ट, श्रम विभाग, स्वास्थ्य मन्त्रालयसम्म बेला बखतमा आफ्ना आफ्ना समस्या बारे छलफल चलाउनुपर्छ जसको लागि हाल आएर क्रियाशील भएको वैदेशिक रोजगार स्वास्थ्य व्यवसायी महासंघजस्तो संस्थाको काम सराहनीय देखिन्छ।

## कामदार पठाउन खुला गरिएका मुलुकहरू :

| क्र.स. | देश | क्र.स. | देश | क्र.स. | देश |
|---|---|---|---|---|---|
| १. | युनाइटेड अरब इमिरेट्स | २ | कतार | ३. | साउदी अरेयिबा |
| ४. | कुवेत | ५. | ईराक हाल स्थगित | ६. | बहराईन |
| ७. | ओमन | ८. | हङ्गकङ्ग | ९ | मलेशिया |
| १०. | सिगांपुर | ११. | ब्रुनाई | १२ | दक्षिणकोरिया |
| १३. | साईपान | १४ | कोसोभो | १५. | लात्भिया |
| १६. | माल्दिभ्स | १७. | दक्षिण अफ्रिका | १८. | इजरायल |
| १९. | स्काउ | २०. | संयुक्त राज्य अमेरिका | २१. | संयुक्त अधिराज्य |
| २२. | अफगानिस्तान | २३. | साइप्रस | २४ | जोडान |
| २५. | न्यूजिल्याण्ड | २६. | बेल्जियम | २७. | ह्ली सि |
| २८. | फ्रान्स | २९. | ईरान | ३०. | माल्टा |
| ३१ | चीन | ३२. | क्यानडा | ३३. | पनामा |
| ३४. | रुस | ३५. | डेनमार्क | ३६. | ट्यूनिसिया |
| ३७. | जापान | ३८. | बुलोरिया | ३९. | फिजी |
| ४०. | श्रीलंका | ४१. | रोमानिया | ४२. | जाम्बिया |
| ४३. | इजिप्ट | ४४. | अल्जेरिया | ४५. | मोजाम्बिक |
| ४६. | जर्मनी | ४७. | स्पेन | ४८. | निकारागुवा |
| ४९. | अष्ट्रिया | ५०. | बंगलादेश | ५१. | भेनेजुएला |
| ५२. | इटाली | ५३. | अल्वानिया | ५४. | कोलम्विया |
| ५५. | स्वीट्जरल्याण्ड | ५६. | नर्वे | ५७. | बोलिभिया |
| ५८. | पोल्याण्ड | ५९ | फिनल्याण्ड | ६० | ईष्टोनिया |
| ६१. | ग्रीस | ६२. | तान्जानिया | ६३. | युक्रेन |
| ६४. | फिलिपिन्स | ६५. | मोरक्को | ६६ | अरमेनिया |
| ६७. | अष्ट्रेलिया | ६८. | क्यूबा | ६९. | कजाकस्तान |
| ७०. | म्यानमार | ७१. | क्यान्वोडिया | ७२. | बेलारुस |
| ७३. | पाकिस्तान | ७४ | भियतनाम | ७५. | मोल्दोभा |
| ७६. | नेदरल्याण्ड्स | ७७. | केन्या | ७८. | गणतन्त्रचेक |
| ७९. | लाओस | ८०. | मेक्सिको | ८१. | गणतन्त्र स्लोभाक |
| ८२. | स्वीडेन | ८३. | लक्जेम्बर्ग | ८४. | गुयाना |
| ८५. | थाईल्याण्ड | ८६. | नाइजेरिया | ८७. | अजरबैजान |
| ८८. | ईण्डोनेशिया | ८९. | लिविया | ९०. | सिसेलिज |
| ९१ | मंगोलिया | ९२ | पेरु | ९३ | स्लोभेनिया |
| ९४. | हंगेरी | ९५. | ब्राजिल | ९६. | मेसेडोनिया |
| ९७. | चिली | ९८. | पोर्चुगल | ९९ | क्रोएशिया |
| १०० | अर्जेन्टिना | १०१ | कोष्टारीका | १०२ | आयरल्याण्ड |
| १०३ | टर्की | १०४ | मैरिसस | १०५ | बोस्निया हर्जगोबिना |
| १०६ | लेबनान | १०७ | आइसल्याण्ड | | |

# नेपाल स्वास्थ्य व्यवसायी महासंघद्वारा आयोजित वार्षिकोत्सव गतिविधिको झलक



# नेपाल स्वास्थ्य व्यवसायी महासंघद्वारा आयोजित क्षतिपुर्ती प्रदान कार्यक्रमको झलक



















# नेपाल स्वास्थ्य व्यवसायी महासंघद्वारा संचालित स्वास्थ्य हेल्प डेस्क गतिविधिको झलक


















# नेपाल स्वास्थ्य व्यवसायी महासंघद्वारा आयोजित विरोध गतिविधिको झलक





















# परीक्षणका खुड्किलाहरू



◆ सन्तोषी अधिकारी

बेरोजगारी समस्याले पिरलिएको हाम्रा आम नेपालीहरू रोजगारीको खोजीमा दिनानुदिन विदेशिन बाध्य छन् । यहाँ आफ्नो शैक्षिक योग्यता अनुसार र प्रमाणपत्रको कुनै मूल्य र मान्यता नभएपछि

**स्वास्थ्य परीक्षण गर्ने क्रममा पैसाकै भरमा परीणाम निकाल्नेहरुको पनि कमी छैन । मान्यताप्राप्त स्वास्थ्य केन्द्र/संस्थाबाट मत्र परीक्षण गराउन पर्ने कुराहरुलाई सबै नेपालीले बुझ्नु जरूरी छ ।**

र आर्थिक संकटका कारण काम नपाएपछि हजारौ नेपालीहरू रोजगारीको नाममा विदेशिन बाध्य छन् ।

यता वैदेशिक रोजगारमा सर्वसुलभ तरिकाले पठाउने, राम्रो काम, हजारौं दाम र सुविधायुक्त ठाउँमा काम मिलाउने आश्वासन दिएर आफ्नो गोजी भर्न तल्लीन छन् कयौ मेनवावरहरू र त्यससँग सम्बन्धित हाम्रा आफ्नै दाजुभाइहरू । वैदेशिक रोजगारीक लागि जान इच्छुकहरूलाई राम्रो काम मिलाउने प्रलोभन देखाई तछाँड मछाड गरी आफ्नो बाहुपासमा पार्न लडाइँ गर्ने दलालीहरूको पनि यहाँ कमै छैन ।

जबसम्म दलालको हातमा पैसा पर्दैन तबसम्म चिप्ला र मीठा गफहरूले मख्ख बनाई रकम हात पार्छन भने त्यसपछि कहाँ पस्छन् अत्तोपत्तो हुँदैन । र रकम बुझाउनेहरू चाडो विदेश जाने र राम्रो काम गरी पैसा कमाउने आशामा सुनौला सपनाहरू सजाएर कल्पनामा डुब्न थाल्दछन्, अफसोच यिनीहरूको सपना कतिको त पुरा होला तर कतिको केवल सपना बन्छ र उनीहरू दुःखलाई साथी र पिडालाई भारी बनाएर तड्पिनुपर्ने बाध्यता देखा पर्न जान्छ ।

स्वास्थ्य परीक्षण गर्ने क्रममा पैसाकै भरमा परीणाम निकाल्नेहरूको पनि कमी छैन । मान्यताप्राप्त स्वास्थ्य केन्द्र/संस्थाबाट मात्र परीक्षण गराउन पर्ने कुराहरूलाई सबै नेपालीले बुझ्नु जरुरी छ । जुन संस्थामा राम्रो परीक्षण हुन्छ त्यसमा मात्र स्वास्थ्य परीक्षण गर्नु राम्रो देखिन्छ । कतिपय संस्थाले गरेको परीक्षणलाई विदेशमा गएर परीक्षण गर्दा अलग परीणाम देखिएर फर्केर आउनु पर्ने बाध्यता हाम्रो सामु जिवितै हुन्छ । यसरी नै अनगिन्तीरूपमा प्रतिस्पर्धामा खुलेका स्वास्य संस्थाले प्रतिस्पर्धाकै रूपमा स्वास्थ्य परीक्षण गर्ने क्रममा हजारौं नेपालीहरू ठगिएका छन् । त्यसमा पनि दलाललाई पैसा खुवाउनु पर्ने र कमिशनको बिगबिगी भएबाट नेपाली गरीब दाजुभाईको पैसा खरानी नहुने त कुरै भएन ।

मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गरिसकेपछि पनि लोगो अथवा होलोग्राम स्टीकर टास्नु उपयुक्त हुन्छ । जुन होलोग्रामले के बुझाउँछ भने सरकारी मान्यताप्राप्त स्वास्थ्य संस्थाले गरेको परीक्षण सही र शुद्ध छ भनी उक्त हेलोग्राम टाँस्ने गरिन्छ । होलोग्रामको प्रयोग गरिएको परीक्षण प्रतिवेदन कुनै कारणबश अयोग्य ठहरिएमा उक्त व्यक्तिलाई वैदेशिक रोगजारी जाँदा र फर्किदा लागेको सम्पूर्ण खर्च क्षतिपूर्तिको रूपमा पाउने गरेका छन् । तर विना होलोग्रामको प्रतिवेदनको सवालमा त्यो सम्भव छैन । यसको सहयोगको लागि नै भनेर स्थापना भएको नेपाल स्वास्थ्य व्यवसायी महासंघ नेपालको स्वास्थ्य हेल्प डेस्कले यस्ता होलोग्राम लगाउने काममा महत्वपूर्ण कार्य गर्दै आएको छ । जसले कारणवश कुनै घटना भएमा त्यसको बारेमा छनवीन गरी उचित क्षतिपूर्ति दिने व्यवस्था गर्दै आएको छ ।

नक्कली भिसाबाट यहाँबाट पठाइएका नेपालीहरू तोकिएको काममा नलागेपछि निराश भएर फर्किनु पर्ने बाध्यता हुँदैछ । कतिलाई राम्रो कामको क्रमम ज्यानले थेग्नै नसक्ने काम लगाइएकोले आफ्नो लगानी उठाउन त्यस्तो काम गर्न बाध्य छन् । दलाली गरेर आफ्नो इमानदारिता भुल्नेलाई सम्बन्धित निकायबाट निगरानी हुनु र उचित कार्यवाही हुनु आवश्यक देखिन्छ ।

## Health Related Special Day :-





| | | |
|---|---|---|
| World Leprosy Day | — | Last Sunday of January |
| Lodine Deficiency Disoder Month | — | February month |
| International Women's Day | — | March 8 |
| World Tuberculosis Day | — | March 24 |
| World Health Day | — | April 7 |
| World Redcross Day | — | May 8 |
| International Nursing Day | — | May 12 |
| World No Tobacco Day | — | May 31 |
| World Environment Day | — | June 5 |
| World Population | — | July 11 |
| World Breast Feeding Week | — | August 1-7 |
| Malaria Control Day | — | August 20 |
| National FCHV day | — | October 1 |
| World Mental Health Day | — | October 10 |
| World Sight Day | — | 2nd Thursday of October |
| World Food Day | — | October 16 |
| International Poverty Eradication Day | — | October 17 |
| U.N.Day | — | October 24 |
| World Diabetes Day | — | November 14, |
| World AIDS Day | — | December 1 |
| World Disable Day | — | December 3 |
| World Human Rights Day | — | December10 |

## अन्तर्राष्ट्रिय स्वास्थ्य दिवसहरू :





| | | | |
|---|---|---|---|
| १. | कुष्ठरोग (विस्व कुष्ठरोग दिवस) | – | Last Sunday of January |
| २. | लोडिन डिफिसिएन्सी डिसोडर डे | – | February month |
| ३. | अन्तर्राष्ट्रिय महिला दिवस | – | March 8 |
| ४. | विश्व क्षयरोग दिवस | – | March 24 |
| ५. | विस्व स्वास्थ्य दिवस | – | April 7 |
| ६. | विस्व रेडक्रस दिवस | – | May 8 |
| ७. | अन्तर्राष्ट्रिय नर्सिङ्ग दिवस | – | May 12 |
| ८. | विश्व धुम्रपान रहित दिवस | – | May 31 |
| ९. | विस्व वातावरण दिवस | – | June 5 |
| १०. | विश्व जनसंख्या दिवस | – | July 11 |
| ११. | विस्व स्तनपान दिवस | – | August 1-7 |
| १२. | राष्ट्रिय औलो रोगथाम दिवस | – | August 20 |
| १३. | राष्ट्रिय FCHV दिवस | – | October 1 |
| १४. | विश्व स्वास्थ्य मानसिक दिवस | – | October 10 |
| १५. | विश्व दृष्टि दिवस | – | 2nd Thursday of October |
| १६. | विश्व खाद्य दिवस | – | October 16 |
| १७. | अन्तर्राष्ट्रिय गरिबि निवारण दिवस | – | October 17 |
| १८. | संयुक्त राष्ट्र सघं दिवस | – | October 24 |
| १९. | विश्व मधुमेह दिवस | – | November 14 |
| २०. | विश्व AIDS दिवस | – | December 1 |
| २१ | विश्व अपाङ्ग दिवस | – | December 3 |
| २२. | विश्व मानव अधिकार दिवस | – | December 10 |

# समाजले अपाङ्गहरूलाई कसरी हेर्ने ?



◆ निरन नेपाल

अपाङ्गता कसैको रहर होइन अवश्य पनि यो एउटा दुर्भाग्य हो । तर यसो भन्दैमा अपाङ्गता व्यक्तिको पूर्व जन्मको पाप पनि होइन । हाम्रो जस्तो परम्परागत समाजले विना दोष विना पाप अपाङ्गलाई नारकीय जीवन जिउन बाध्य बनाएका कटु तथ्यहरू अझ सम्म पनि विद्यमान छन् । अपाङ्गले एकातिर शारीरिक पिडा बोध गरिहेको स्थितिमा समाजले उसमाथि मानसिक आघात थोपरीदिनु सर्वथा अमानवीय कार्य हुन जान्छ ।

अपाङ्गहरूले आफ्ना लागि मात्र होइन अरूका लागि पनि काम गर्न सक्दछन् । तर त्यसको लागि सुरुसुरुमा परिवार र समाजले उसलाई हौसला र सहयोग गर्नुपर्ने हुन्छ । कुनै पनि व्यक्ति भित्र कोई न कोई प्रतिभा वा भावना हुन्छ भन्ने कुरालाई बुझेर समाजका सबै सदस्यले व्यक्तिको शारीरिक दुर्वलता होइन आन्तरिक क्षमताको पहिचान गर्नुपर्दछ । अवसर पाएमा यी अपाङ्गहरू पनि सपाङ्ग सरह वा सपाङ्गका लागि पनि उपकारी सिद्ध हुन सक्दछन् । विश्व इतिहासमा त्यस्ता अनगिन्ती अपाङ्गहरू जन्मिएका छन् र थिए जो विश्वकै लागि बरदान सावित भए ।

विज्ञानका महान व्यक्ति थोमस एल्भा एडीसन बहिरा भए पनि बिजुलीको चीम, टाइपराइटर जस्ता एकंहजार भन्दा बढी वस्तु आविष्कार गरेर विश्वलाई देन दिन सफल भए । सन् १८०९ मा जन्मिएका अन्धा लुइस ब्रेलले स्पर्शबाट पढ्न सकिने ब्रेल लिपि आविष्कार गरेर विश्वका अन्धाहरूको भाग्योदय गरिदिए । सन् १८८० मा अमेरिकामा जन्मिएकी हेलेन केलर बोल्न सिक्नु अघि नै नेत्रहीन र बहिरो भएपनि आफ्नो विलक्षण प्रतिभा, साहस र महान कार्यले गर्दा विश्वभर सम्मानित हुन पुगिन । शरीरका आधारमा नै सक्षम र असक्षम छुट्याउन खोज्नेहरूका लागि केलर जादुगर जस्तै बनिन् । बोल्न नसक्ने, हिड्नका लागि ह्वीलचियर चाहिने दुइटा औंलामात्र चलाउन सक्ने वैज्ञानिक स्टेफल विलियम हकिङ्ग अझ पनि जीवितै छन् र उनलाई अल्वर्ट आइसटाइन पछिका सर्वाधिक दिमाग भएका वैज्ञानिक मानिन्छ । चार पटक सम्म अमेरिकाका राष्ट्रपति हुन सफल एफरुज वेल पनि अपाङ्ग नै थिए । इलियट र ओडिसीजस्ता महाकाब्य लेख्ने होमरको बाह्य दृष्टि थिएन । एम वाड्सन रमेडम क्युरीले पनि अपाङ्गताका बाबजुझ संसारमा युगान्तकारी रचना आविष्कार गर ी छोडे । प्रतिकुल परिवेशबाट हुर्किएका विश्वका अन्य अपाङ्गहरूका लहरमा उभिन नपाए पनि नेपाली भूमिमा प्रतिभावान र साहसी अपाङ्गहरू नजन्मिएका होइनन् । नेपाली संगीतका महान व्यक्तिहरू गणेशलाल श्रेष्ठ, ईश्वर अमात्य, नरेन्द्र बाटाजु, त्यसैगरी नेपाली साहित्यका महान हस्तीहरू पारिजात, झमक घिमिरे आदिले अपाङ्गताका माझ पनि आफ्नो देन छोड्न सफल भएका छन् । यसैगरी कुमदेखि नै दुवै हात गुमाएका सुदर्शन गौतम व्यस्त सडकमा खुट्टाले मोटर चलाएर विश्व कितिमान कायम गर्ने पहिलो नेपाली हुन् ।

यस्ता अनेक प्रतिभावान अपाङ्गहरलाई असहाय वा अशक्त ठानिनुभन्दा तिनलाई अलग्गै क्षमता भएका व्यक्तिहरू ठान्नु नै उचित होला । मानिसका पाँच ज्ञानेन्द्रीयहरूमध्ये कुनै एक दुई मात्र असक्षम हुँदा बाँकी अन्य अझ सशक्त हुने गर्दछन् । कुनै एक दुई अंग नै गुमे पनि उसको मस्तिष्कले अनेक सिर्जनशील कार्य अनि सामाजिक चिन्तन गर्न सक्दछ । परिवारले अपाङ्गलाई सधैं साथ दिनु पर्दछ भन्ने समाजले पुनःस्थापना, राष्ट्रले दोस्रो दर्जाको नागरिक नठानेर अपाङ्गहरूलाई पनि आफ्ना नीति र कार्यक्रमहरूम समम्वेश गराउनु पर्दछ । यदि सबै नागरिकहरूमा समानता ल्याउने दायित्व राष्ट्रले बोध गर्दछ भने अब समानताका लागि अपाङ्गहरूलाई विशेष अवसर प्रदान गर्नुपर्छ । त्यसो हुन सकेमा नेपालमा पनि थोमस, एरीस, फ्रेन्फनि, हेलेनजस्ता युगान्तकारी अपाङ्गहरू जन्मन सक्दछन् भन्ने कुरामा दुईमत रहन सक्ने कुरा हुँदैन ।

# ठगी नियन्त्रण गर्नु चुनौति बनेको छ

## – मोहनकृष्ण सापकोटा, महानिर्देशक वैदेशिक रोजगार विभाग

*वैदेशि रोजगारका क्षेत्रमा के के समस्याहरू देख्नु भएको छ ?*

वेदेशिक रोजगारमा अहिले देखा परेका मध्ये मुख्य समस्या भनेको ठगीको समस्या हो। यो ठूलै समस्याको रूपमा प्रभावित भइरहेको छ। विदेशमा काम गर्न जाने प्रायः गाउँदेखि विमानस्थलसम्म आइपुग्दा पटक पटक ठगिइसकेका हुन्छन्। यी समस्या समाधान गर्न ठूलै चुनौति भएको छ।

अर्को समस्या भनेको नक्कली कागजात तयार पारी विदेश पठाउँनु रहेको छ। सोफा नेपालीलाई नक्कली कागजातका आधारमा विदेश पठाउँनु र पहिले भनेजस्तो किमिसको काम उपलब्ध गराउन नसक्नुले जुन समस्या उत्पन्न हुने गरेको छ। यसलाई नियन्त्रण गर्नु पनि ठूलै चुनौति भएको छ।

यद्यपि वैदेशिक रोजगारका क्षेत्रमा राम्रा र प्रतिष्ठित संस्थाहरू नभएका होइनन्, तर ठगीको रूपमा नक्कली कागजात बनाएर विदेश पठाउने केही म्यानपावर कम्पनीका कामले गर्दा यो क्षेत्र नै वदनाम हुने अवस्था छ।

*यो चुनौति पार गर्न विभाग के गर्दैछ ?*

सबैभन्दा पहिले त विभागमा जनशक्ति बढाउन जरुरी छ। यत्तिकै भरमा समस्या समाधान गर्न सजिलो छैन। त्यस्तै गरी कामको प्रकृति अनुसार क्षेत्र विभाजन हुन जरुरी छ। क्षमता वृद्धि गर्न जरुरी छ। यसका लागि अहिले वैदेशिक रोजगार विभाग भन्नेर छुट्टै विभागको व्यवस्था गरी उद्घाटन भइसकेको छ। र जनशक्ति वृद्धिका लागि पहल पनि भइसकेको छ। यस क्षेत्रमा देखिएका विभिन्न समस्याहरू समाधान गर्न अब विभागले नियन्त्रणमुखी रूपमा आफ्नो काम थाल्नेछ।

*वैदेशिक रोजगारमा स्वास्थ्य परीक्षणको महत्वलाई यहाँले कसरी हेर्नु भएको छ ?*

वैदेशिक रोजगारका लागि स्वास्थ्य परीक्षण अति महत्वपूर्ण पक्ष हो। किनकि विदेशमा गएर स्वस्थ व्यक्तिले मात्र काम गर्न सक्छ। त्यसका लागि सही रूपमा स्वास्थ्य परीक्षण गराई स्वस्थ भएको ग्यारेन्टी भएपछि मात्र विदेशमा जानुपर्दछ। अस्वथ व्यक्तिविना स्वास्थ्य परीक्षण गए उसले काम गर्न नसक्दा फर्काइ दिने हुनछ भने त्यससँगै समय र पैसाको बर्बादी हुने गर्छ।

र स्वास्थ्य परीक्षणको कुरा गर्दा यसलाई एकदम कडाइका साथ लानुपर्ने हुन्छ र गुणस्तरीय रूपमा अगाडि बढाउनुपर्ने देखिन्छ।

*स्वास्थ्य परीक्षणलाई गुणस्तरीय बनाउन कुन क्षेत्रले के के गर्नुपर्छ होला ?*

सबभन्दा पहिले त स्वास्थ्य व्यवसायी क्षेत्रले स्वास्थ्य परीक्षणको गुणस्तरीयतामा बढी ध्यान दिन जरुरी छ। किनकि कतिपय मेडिकलहरूमा स्तरीय स्वास्थ्य परीक्षण नहुने गरेको सुन्नमा आएको छ। मेडिकलहरूमा भएका इक्वीपमेन्टहरूलाई स्तरीय बनाउन सकनुपर्छ। यसका लागि स्वास्थ्य लगायत यससँग सम्बन्धित सबै क्षेत्रले गम्भीरताकासाथ नयाँ नेपाल निर्माणमा नयाँ सोचमा ल्याउन आवश्यक देखेको छ।

*ऐनमा भएको क्षतिपूर्तिलाई व्यवस्थित गर्न नेपाल स्वास्थ्य व्यवसायी महासंघले प्रयोगमा ल्याएको होलोग्राम र क्षतिपूर्ति प्रदान कार्यलाई कसरी मूल्याङ्कन गर्नु भएको छ ?*

महासंघले क्षतिपूर्तिलाई व्यवस्थापन गर्दै पीडितलाई अतिपूर्ति प्रदान गर्ने जुन कार्यको थाल्नी गरेको छ। त्यसलाई मैले अत्यन्तै सकारात्मक रूपमा लिएको छु। स्वास्थ्यका कारण फर्किनुलाई क्षतिपूर्ति प्रदान गरेर पीडितलाई ठूलो राहत दिएको छ। यसका लागि म महासंघलाई व्यक्तिगत रूपमा धन्यवाद दिन चाहन्छु।

*कतिपय मुलुकहरूमा नेपाल सरकारबाट सुचीकृत १ सय ३१ वटा संस्थाले नभएर सिमित ४/५ वटा स्वास्थ्य संस्थाले मात्र स्वास्थ्य परीक्षण गर्ने गरिएको छ। यो समस्या समाधान गर्न विभागले के पहल गर्न सक्छ ?*

यो विषय नीतिगत रूपमा जानुपर्ने हुन्छ, र यस्तो नीतिगत निर्णय गर्नुपर्ने विषयमा विभागले मन्त्रालयलाई आवश्यक राय सुझाव पेश गर्न सक्छ।

# नेपाल स्वास्थ्य व्यवसायी महासंघद्वारा जारी क्षतिपुर्ती सम्बन्धी लिखत

लिखितम..........................................................................को छोरा.......................................जिल्ला ...........................................गा.बि.स/न.पा. वडा न. ......................बस्ने वर्ष ........को ...........................................आगे म...........................................................................प्रा.लि. मार्फत बैदेशिक रोजगारीको सिलसिलामा कामदारको रूपमा विदेश ......................गएको र म रोजगारीको लागि बिदेश जाने क्रममा स्वदेशमा गरिने मेडिकल जाँच ................................................प्रा.लि.मा गराई मेडिकल फिट भन्ने रिपोर्टको आधारमा बिदेश गएकोमा बिदेश .............................मा लगि पून: मेडिकल जाँच गर्दा म स्वास्थ्य परीक्षणमा असफल भई स्वदेश फर्किनु परेकोले बैदेशिक रोजगार ऐन २०६४ को दफा ७२ (२) बमोजिम बिदेश जाँदा र आउदा भएको खर्च सहित क्षतिपुर्तिको लागि नेपाल स्वास्थ्य व्यवसायी महासंघमा अनुरोध गरेकोमा नेपाल स्वास्थ्य व्यवसायी महासंघबाट मेरो बास्तविकता जाँच गरी मलाई क्षतिपुर्ति स्वरूप नेपाल स्वास्थ्य व्यवसायी महासंघको तर्फबाट ४० % प्रतिशत र .........................................................प्रा. लि बाट ६० % प्रतिशत गरी जम्मा रु................/- अक्षेरूपी..........................................दिने भनि भएको निर्णय मलाई चित्त बुझ्यो। मलाई महासंघको तर्फबाट दिईने उल्लेखित क्षतिपूर्ती रकम आजै बुझिलिई यो कागज गरिदिएको छु। अब उपरान्त यस बिषयमा म अन्यन्त्र कहि कतै दाबि उजुरी गर्ने छैन। गरे गराएमा मेरा दाबि जिकिर यसै कागजले बदर होस भनि मेरो मनोमानि राजिखुशिले रु..................................बुझिलिई यो कागज गरिदिए साक्षि बायाँ किनाराका सदरमुकाम महासंघको कार्यालय। ईति सम्वत २०६५ साल ....................................महिना.............................. गते ................................... रोज शुभम।

दाँया बाँया

# स्वास्थ्यको लागि अस्वस्थ प्रतिस्पर्धा



◆ मदन खनाल

स्वास्थ्य क्षेत्रमा भइरहेको अस्वस्थ प्रतिस्पर्धाका कारण वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई पर्न जाने असरप्रति वैदेशिक रोजगार व्यवसाय सम्बन्धीत महानुभाव, स्वास्थ्य व्यवसाय संचालन गर्ने व्यवसायीहरू अनभिज्ञ छन्। नाटकीय भूमिकामा एउटा पात्र र अर्को पात्रको सम्वाद र क्षणिक आनन्दका लागि स्टेजमा मन्त्रमुग्ध भई हेरीरहन्छन्।

सत्य जीवनमा भोगीरहेका रोजगारीमा जाने व्यक्तिको प्रशव पिडाको प्रत्यक्ष अनुभव के छ ? राम्रो वातावरण वनाउन संघर्षरत नेपाल स्वास्थ्य व्यवसायी महासंघको यो अभियानमा सहयोग गर्न किन वैदेशीक रोजगार व्यवसाय उत्साहित छैनन् ? हामी कहिलेसम्म यस्तै दलदलमा डुवुल्की मारीरहने हो ? प्रश्न गर्न नेपाल सरकार अनि वैदेशीक रोजगार व्यवसायीका छाता संगठनहरूसँग !

वास्तवमा नेपालमा स्वास्थ्य परिक्षण गरी अन्य मुलुकमा जाँदा र उहाँको स्वास्थ्य परीक्षणमा कति फरक छ भन्ने विषयमा स्वास्थ्य व्यवसायीहरू अनभिज्ञ नै छन् कि भैँ भान हुन्छ। यति बेला बैदेशिक रोजगारको क्षेत्रबाट मुलुकलाई जुन किसिमको आर्थिक आधार पाइरहेको छ त्यसलाई मध्य नगर राख्ने हो भने त्यो व्यवसायसँग प्रत्यक्ष रुपमा जोडिएको स्वास्थ्य व्यवसायलाई पनि महत्वपूर्णका साथ हेर्न जरुरी छ। त्यस तर्फ ध्यान नदिने हो भने रेमिट्यान्समार्फत आर्थिक क्षेत्रमा पुगिरहेको सहयोगमा असर पुग्न सक्छ। र वैदेशीक रोजगारलाई हेर्ने निकायले प्रत्यक्ष रूपमा अध्ययन र अनुसन्धान गरी गहिरो कदम नचालेमा अहिले नेपालको आर्थिक स्थितिमा सहयोग पुगीरहेको रेमिट्यान्सले भोलिका दिनमा कतिको प्रभाव पार्न सक्नेछन् मूल्याङ्कन गर्न अति आवश्यक ठानेको छु।

